# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २५३ | काठमाडौं | बुधबार, २४ पुस २०८१ | Prabhab National Daily | Wednesday, January 08, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# चीनमा भूकम्प: १२६ जनाको मृत्यु, नेपालमा सामान्य क्षति

- भूकम्पको केन्द्रबिन्दु सगरमाथाबाट ८० किलोमिटर नजिक
- सिगात्सेमा मात्र आठ लाख मानिस प्रभावित
- माइनस छ डिग्री सेल्सियस चिसोका कारण उद्धार र राहत कार्यमा कठिनाइ
- नेपाली भूभागमा ५.३ म्याग्निच्युड मापन गरिएको भूकम्पमा परी १३ जना घाइते


भूकम्पप्रभावित क्षेत्रमा उद्धारमा खटिदै चिनियाँ सेना । *तस्बिरः सिन्ह्वा*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मंगलबार बिहान नेपाली समयअनुसार ६ बजेर ५० मिनेटमा आएको भूकम्पले छिमेकी मुलुक चीनमा ठूलो क्षति पुऱ्याएको छ । यो समाचार तयार पार्दासम्म भूकम्पमा परी चीनमा १२६ जनाको मृत्यु भएको छ ।

चीनको समाचार संस्थाहरूका अनुसार नेपालको सिमाना नजिकै सिगात्सेस्थित तिङ्री काउन्टीको चाङ्सो गाउँनजिक केन्द्रबिन्दु बनाएर भूकम्प आएको हो । अमेरिकाको जिओलोजिकल सर्भेले ७.१ म्याग्निच्युडको भूकम्प भने पनि चाइना अर्थक्वेक नेटवर्क सेन्टरले भने ६.८ म्याग्निच्युडमात्र मापन भएको जनाएको छ । तिब्बतको तिङ्री केन्द्रबिन्दु बनाएको भूकम्पले नेपालका कोशी, बागमती, गण्डकी र मधेस प्रदेशका जिल्लाहरूसम्म धक्का दिएको थियो । यो भूकम्पको धक्का भुटानदेखि भारतसम्मै पुगेको थियो । भूकम्पका कारण १८८ भन्दा बढी मानिस घाइते भएको चीन सरकारले जनाएको छ ।

भूकम्पको केन्द्रबिन्दु सगरमाथाबाट ८० किलोमिटरमात्र पर रहेको छ । भूकम्पका कारण सिगात्सेमा मात्र आठ लाख मानिस प्रभावित भएका छन् । अत्यधिक जाडोका कारण यहाँ उद्धार र राहत कार्यसमेत प्रभावित भएको चिनियाँ समाचार एजेन्सीहरूले जनाएका छन् । माइनस छ डिग्री सेल्सियस चिसोमा मानिसहरू उद्धारको पर्खाइमा रहेको सिन्ह्वा समाचार एजेन्सीले उल्लेख गरेको छ । तिङ्री गाउँमा उक्त भूकम्पपछि १५० भन्दा बढी परकम्प गएको थियो । ती भूकम्पहरू ४.४ म्याग्निच्युडका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

## नेपालमा कहाँ के–केमा क्षति ?

सिमानानजिकै केन्द्रबिन्दु बनाएको भूकम्पका कारण सोलुखुम्बु, सिन्धुपाल्चोक, काठमाडौं उपत्यकामा कडा धक्का महसुस गरिएको थियो । नेपाली भूभागमा ५.३ म्याग्निच्युड मापन गरिएको भूकम्पमा परी १३ जना घाइते भएको नेपाल प्रहरीले जनाएको छ । जसमा ११ जना मधेस प्रदेशको बारा जिल्लाका थिए ।

बाराको कलैया उपमहानगरपालिका वडा नम्बर १ देवकोटास्थित त्रिचन्द्र माविका कक्षा ७ र ८ मा पढ्ने ११ जना विद्यार्थी बेहोस भएको प्रहरीले जनायो । उनीहरूलाई प्रादेशिक अस्पतालमा उपचार गरिएकोमा डिस्चार्ज भइसकेको जिल्ला प्रहरी कार्यालय बाराका एसपी महेन्द्र खड्काले जानकारी दिए । काभ्रेमा एक जना र काठमाडौंमा एक जना घाइते भएको प्रहरीले जनाएको छ । काठमाडौंको स्युचाटारस्थित एक जना पुरुष छतबाट हामफालेका थिए । नेपाल प्रहरीका प्रवक्ता एसएसपी विश्व अधिकारीका अनुसार नागार्जुन नगरपालिका वडा नम्बर १० स्युचाटार बस्ने पुरूषको दुवै खुट्टामा चोट लागेको र उनको मनमोहन मेमोरियल अस्पतालमा उपचार भइरहेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# आत्मप्रशंसामा केन्द्रित एमाले–माओवादी

- आफ्नो सरकारले राम्रो काम गरेको ओलीको दाबी
- पार्टी विजय र एकताको बैठक भएको दाहालको भनाइ
- एमाले र माओवादी दुवै पार्टीबाट एकताका लागि आह्वान

■ **जेबी योञ्जन**





**काठमाडौं–** सरकारको नेतृत्व गरेको नेकपा एमाले र विपक्षमा रहेको नेकपा माओवादी केन्द्रको केन्द्रीय समिति बैठक सुरु र समापन एकै दिन भएको छ । दुवै दलले पार्टी नेतृत्वप्रति नेताहरू असन्तुष्टिले उकुसमुकुस छँदा बैठक बोलाएका थिए । बैठकबाट यसअघि प्रकट भएका असन्तुष्टिहरूलाई दुवै दलका नेतृत्वले थामथुम पारेका छन् । गुट वा पूर्वसमूह केही नभएको दाबीसमेत गरेका छन् ।

अनौठो त के भयो भने प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले आफूले पेस गरेको राजनीतिक प्रतिवेदनमाथि केन्द्रीय सदस्यहरूले राखेका धारणा धैर्यतापूर्वक सुने । नेताहरूले गरेका आफूलक्षित आलोचना र टीकाटिप्पणीलाई सुनेर नम्र भाषामा जवाफ दिए । पार्टी अध्यक्ष ओली निरंकुश हुँदै गएको भन्दै पार्टीभित्र र बाहिर आलोचना हुन थालेको थियो । यस्तो अवस्थामा ओली सबै केन्द्रीय सदस्यलाई सुन्न तयार भए । यसअघिका केन्द्रीय कमिटी बैठकमा समूहगत छलफल गर्ने र समूह नेताले निष्कर्ष सुनाउने अभ्यास थियो । यसपटक भने त्यस्तो भएन । तीन मिनेटका दरले केन्द्रीय सदस्यलाई बोल्न दिए ।

तर, सबैले भने बोलेनन् । बोलेकाहरूको सुझाव उस्ताउस्तै थियो । उनीहरूले नेपाली कांग्रेससँगको सत्ता गठबन्धनलाई अझ विश्वसनीय बनाउनुपर्ने, सरकारको कामकारबाहीलाई अझ प्रभावकारी बनाउनुपर्ने, पार्टी परिचालन 'मिसन २०८४' लाई केन्द्रित गरेर गर्नुपर्नेदेखि पार्टीमा विस्तारै झाँगिदै गएको गुटबन्दीलाई अन्त्यसँगै संगठन विस्तारबारे धारणा राखेका थिए ।

यी बाहेक हालै पार्टीबाट निष्कासन गरिएका पूर्वउपाध्यक्ष भीम रावलदेखि निलम्बन गरिएका स्थायी कमिटी सदस्य बिन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिम्सेनामाथिको कारबाहीबारे पुनर्विचार गर्न माग गरेका थिए । त्यसरी कारबाहीका पुनर्विचार गर्न माग गर्नेमा केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहरा, ठाकुर गैरे, रचना खड्का, झपट रावल, प्रकाश शाहलगायतका नेताहरू हुन् ।

रावल र शाहले भीम रावललाई पार्टीबाट हटाउँदा सुदूरपश्चिमको तल्लो तहमा एमालेलाई गम्भीर धक्का पर्न सक्ने भन्दै चिन्ता प्रकट गरेका थिए । यसपछि ओलीले मंगलबार जवाफ दिए । उनले भने, 'भीम रावल एमालेमा भए पनि नभएसरह नै हुनुहुन्थ्यो । उहाँ नहुँदा पार्टीलाई कुनै क्षति पुग्दैन । रावललाई केही दिन माओवादी र नेकपा एकीकृत समाजवादीले उचाले, अब केही दिन दुर्गा प्रसाईंले उचाल्छन् । अनि, सकिन्छन् ।'

बैठकपछि पत्रकारहरूसँग बोल्दै उनले रावलसहितका नेताहरूमाथि भएको कारबाही फिर्ता नहुने बताएका थिए । निलम्बित भएका दुई नेता पाण्डे र तिम्सेनामाथिको कारबाही अझ लम्बिने संकेत गरे ।  ओलीभन्दा अगाडि नेता अमृत बोहराले रावलसँगै पाण्डे र तिम्सेनामाथिको कारबाहीबारे चर्को टिप्पणी गर्दै भनेका थिए, 'मरिचलाई हान्न बञ्चरो' ।

बोहराको सवालमा जवाफ दिँदै ओलीले पार्टी निर्णयविरुद्ध कमिटीबाहिर प्रतिक्रिया दिनु गलत भएको बताए । पाण्डे र तिम्सिना एउटै स्टाटसका कारण निलम्बनमा नपरेको उल्लेख गर्दै ओलीले भने, 'कारबाही फिर्ता हुने पनि छ । पहिले त सच्चिन तयार हुनुपऱ्यो । गल्ती महसुस गर्नुपऱ्यो । त्यत्तिकै फिर्ता भन्ने हुँदैन ।'

⏭ क्रमशः पृष्ठ २ मा

## संसद् अधिवेशन आह्वान गर्न माग

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पार्टीको आठौं केन्द्रीय समितिको छैटौं पूर्ण बैठक एकता र विजयको बैठक भएको बताएका छन् । बैठकको समापनको दिन उनले भने, 'पार्टीभित्र विचार, कार्ययोजना र भावनामा एकरूपता कायम भयो ।'

माओवादी बैठकले सार्वभौम संसद्लाई छलेर अध्यादेशमार्फत राज्य सञ्चालन गर्ने र देशलाई दुई दलीय तानाशाहीतर्फ लैजान सरकारले खोजेको निष्कर्ष निकालेको छ । त्यससँगै तत्काल संघीय संसद् र प्रदेशसभाहरूको हिउँदे अधिवेशन आह्वान गर्न सरकारसँग माओवादीको माग छ । संघीयताको कार्यान्वयन र मौलिक हकको कार्यान्वयनसँग सम्बन्धित निजामती सेवा, संघीय प्रहरी ऐन, विद्यालय शिक्षालगायतका प्रस्तावित विधेयकहरू तत्काल पारित गर्न बैठकले सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

सरकारको तर्फबाट नेपाल विद्युत् प्राधिकरण, त्रिभुवन विश्वविद्यालयलगायतका सार्वजनिक संस्थानहरू र कर्मचारीतन्त्रमा भइरहेको चरम राजनीतिक हस्तक्षेपको विरोध गरेको छ । शान्ति प्रक्रियाका बाँकी कामहरू सम्पन्न गर्ने सन्दर्भमा देखिएको सरकारी उदासीनताप्रति पनि माओवादीको आपत्ति छ । तत्काल सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका नागरिकहरूको छानबिनसम्बन्धी आयोगहरूको गठन प्रक्रिया अगाडि बढाइ शान्ति प्रक्रियाका बाँकी कार्य सम्पन्न गर्न सरकारलाई माओवादीले आग्रह गरेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# संघका तृतीय उपाध्यक्ष कटुवालले दिए राजीनामा

## संघले 'भलाइ कोष'लाई ओझेलमा पारेको आरोप



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष रोशन कटुवालले पदबाट राजीनामा दिएका छन् । उनले यही पुस १० गते अध्यक्ष राजेन्द्र भण्डारीसमक्ष राजीनामा बुझाएको पुष्टि गरे । संघ नेतृत्वप्रति असन्तुष्टि जनाउँदै कटुवालले राजीनामा दिएका हुन् ।

संघको चुनाव नजिकिँदै गर्दा तृतीय उपाध्यक्षको राजीनामा आउनुलाई अर्थपूर्णरूपमा हेरिएको छ । संघको चुनाव आगामी फागुन २ गते हुँदै छ । कटुवाल आगामी नेतृत्वका प्रत्यासीसमेत हुन् । कटुवालले गत चुनावमा आफूले उठाएका सवालहरूमा काम गर्न नपाएका कारण पदत्याग गरेको बताए । 'काम गर्न नपाएपछि संघमा बसिरहनुको अर्थ रहेन, त्यसैले राजीनामा दिएको हुँ,' कटुवालले प्रभावसँग भने ।

उनले गत निर्वाचनमा 'भलाइ कोष'को अवधारणा अघि सारेका थिए । सोही अनुसार ५० लाख रूपैयाँ नगद र ५० लाख रूपैयाँको बिमा अवधारणासहित कोष स्थापना गरिएको थियो । उक्त कोषले म्यानपावर व्यवसायीमाथि आइपर्ने दुर्घटना, मृत्युजस्ता समस्यामा क्षतिपूर्ति दिने जस्ता योजना बने । आफूले सम्पूर्ण व्यवसायीको सुरक्षा र हितका लागि ल्याएको उक्त योजनालाई संघले ओझेलमा पारेको उनको आरोप छ ।

'सबै म्यानपावर व्यवसायी पैसावाल छैनन् । बर्सेनि सयौंलाई विदेश पठाउने तर आफू भने साधारण बिरामी पर्दा उपचार गराउन नसक्नेसमेत छन्,' कटुवाल भन्छन्, 'व्यवसायी स्वयं र उनीहरूबाट आश्रित परिवारलाई सहायता होस् भनेर उक्त कोषको अवधारणा ल्याइएको हो ।'

वैदेशिक रोजगार व्यवसाय र व्यवसायीको हितमा ल्याइएको कोषको अवधारणालाई आफू कामको सिलसिलामा विदेश गएका बेला कार्यवाहकको सहायता लिएर तुहाउने प्रयास भएको भन्दै उनले असन्तुष्टि पोखे । यही कारण आफू पदमा बसिरहनु औचित्यहीन भएको कटुवालको भनाइ छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# रस अलखैमा शिविरमा ३३५ जनाको राहदानी नवीकरण



काठमाडौं (प्रस)- युएईस्थित नेपाली दूतावासले रस अलखैमा सञ्चालन गरेको घुम्ती शिविरमा ३३५ जना नेपालीले राहदानी नवीकरण सेवा लिएका छन् । दूतावासले गैरआवासीय नेपाली संघ युएईलगायत विभिन्न संघ संस्थाको सहयोगमा आइतबार सञ्चालन गरेको उक्त शिविरबाट रस अलखैमा क्षेत्रमा कार्यरत नेपाली श्रमिकहरूले लाभ लिएका हुन् ।

दूतावास रहेको अबुधाबीबाट ३०० किलोमिटरभन्दा टाढाको दूरीमा रहेको रस अलखैमाका नेपाली श्रमिकहरूलाई लक्षित गरी घुम्ती शिविर सञ्चालन गरिएको थियो । दूतावासका अनुसार शिविरमा उपस्थित साढे ५०० भन्दा बढी नेपालीलाई नेपाल तथा युएईका विद्यमान श्रम कानुनका विषयहरूमा जानकारी प्रदान गरिएको थियो ।

'नेपाल सरकारले हालका दिनमा श्रम सुशासनका क्षेत्रमा अवलम्बन गरेका नीतिगत, कानुनी तथा प्रक्रियागत कदमहरू- सामाजिक सुरक्षा कोषमा श्रमिकको आबद्धता, सोको प्रक्रिया तथा औपचारिक माध्यमबाट विप्रेषण पठाउँदा प्राप्त हुने फाइदा, पुनः श्रम स्वीकृतिसम्बन्धी व्यवस्था एवं वित्तीय साक्षरतालगायतका विविध विषयमा जानकारी प्रदान गरियो,' दूतावासद्वारा सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

⏭ क्रमशः पृष्ठ २ मा




### बार अध्यक्ष घिमिरेविरूद्धको मुद्दा

# श्रव्यदृश्यसहित अभिलेख झिकाउने आदेश

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेविरूद्धको अदालतको अवहेलना मुद्दामा श्रव्यदृश्यसहितको अभिलेख झिकाउने आदेश गरेको छ ।

न्यायाधीशद्वय डा. नहकुल सुवेदी र अब्दुल अजिज मुसलमानको इजलासले मंगलबार श्रव्य दृश्यको छायांकनसहितको अभिलेख झिकाउन आदेश गरेको हो । आदेशमा भनिएको छ, 'उक्त कार्यक्रमको श्रव्यदृश्यको छायांकन/अभिलेख आयोजना बार एकाइबाट झिकाउनु ।' अदालतको अवहेलनामा यसअघि लिखित जवाफ माग गर्ने आदेश गरेको थियो । अदालतको अवहेलनामा हुने गरी अभिव्यक्ति दिएको उल्लेख गर्दै सर्वोच्च अदालतका उपरजिस्ट्रार गोविन्दप्रसाद घिमिरेले प्रतिवेदन तयार गरी दर्ता गरेका थिए ।

सोही प्रतिवेदनको पहिलो सुनुवाइ गर्दै न्यायाधीश कुमार रेग्मी र कुमार चुडालको इजलासले अध्यक्ष घिमिरेले सात दिनभित्र आफैं वा आफ्नो वारेसमार्फत लिखित जवाफ बुझाउन आदेश गरेको थियो । अध्यक्ष घिमिरेले बारका तर्फबाट लिखित जवाफ पेस गरिसकेका छन् ।

नेपाल बारका अध्यक्ष घिमिरेले न्यायाधीश नियुक्तिका विषयलाई लिएर प्रधानन्यायाधीश तथा अदालतको जनआस्थामा असर पुग्ने गरी सार्वजनिक अभिव्यक्ति दिएको उल्लेख गर्दै अदालतको अवहेलना गरेको उल्लेख गरिएको थियो ।

## पृष्ठ १ बाट क्रमशः

### आत्मप्रशंसामा...

बैठकमा ओलीले पार्टीमा कुनै गुट र पूर्वसमूह अस्तित्वमा नरहेको दाबी गरे । जबकि पार्टीमा ओलीको गुट, विद्या भण्डारी समूह, पूर्वमाओवादी र १० बुँदे सहमतिपछि एमालेमै रहेको समूहसँगै पछिल्लो समय उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल नेतृत्वमा झाँगिदो गुट छन् । त्यसप्रति आँखा चिम्लिँदै ओलीले पार्टीभित्र अब कोही पनि पूर्वमाले, पूर्वमाओवादी वा १० बुँदेजस्ता समूहहरू कायम नरहेको बताए । त्यस्ता गुट र पूर्वसमूहहरू खोज्नतिर नलाग्नसमेत उनले आग्रह गरे ।

'एमालेमा अब कुनै पनि पूर्वसमूहहरू छैनन् । हामीले पूर्वसमूह खोज्नतिर होइन, वर्तमानको एमाले खोजौं । भरभराउँदो आजको एमाले खोजौं,' ओलीको भनाइ थियो । बैठकबाट एमालेले तीन महिने अभियान सञ्चालन गर्ने निर्णय लिएको छ । ओली सरकारले भ्रष्टाचारविरुद्ध कठोरताका साथ काम गरेको दाबी गरेको छ । पार्टी पंक्तिलाई एमाले र सरकारलाई घेराबन्दी गर्ने आन्तरिक र बाह्य शक्तिविरुद्ध हमला गर्न ओलीले निर्देशन दिएका छन् । यसबाहेक पार्टीबाट यसअघि अलगथलग भएकाहरूलाई शक्तिशाली र निर्णायक शक्ति एमालेलाई बनाउन फर्किन ओलीले आह्वान गरेका छन् ।

तर, संविधान संशोधन भने तत्काल सम्भव नभएको ठहर गरेको छ । प्रतिनिधिसभामामात्रै नभई राष्ट्रिय सभामासमेत दुईतिहाइ बहुमत हुनुपर्नेमा त्यस्तो नहुँदा संविधान संशोधन कठिन रहेको ओलीले बताएका छन् । तल्ला तहमा पार्टीको स्वार्थप्रेरित गुटहरू ध्वस्त पार्न पनि चेतावनी दिए ।

■■■

### संसद अधिवेशन...

किसानहरूले उत्पादन गरेको कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्न तथा औपचारिक क्षेत्रका श्रमिकहरूको ज्याला वृद्धिका साथै अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूको न्यूनतम ज्याला निर्धारण गर्न सरकारसँग माओवादीको माग छ । दाहाल नेतृत्वको अघिल्लो सरकारले सारेको सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य हासिल गर्न बजेटमा प्रस्तावित त्रिभुज आर्थिक परियोजना, दलित समुदायको संविधान प्रदत्त अधिकार कार्यान्वयनका लागि प्रस्तावित दलित विशेष प्राधिकरण स्थापना गर्नुपर्ने पनि जनाएको छ ।

सहकारी ठगी कारबाही सन्दर्भमा सत्ता गठबन्धननिकट व्यक्तिहरूलाई संरक्षण गर्ने सरकारको पूर्वाग्रही र भेदभावपूर्ण कार्य गरेको भन्दै सरकारको विरोध गरेको छ । तर, अनियमितता र ठगीको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न र सहकारी पीडितडहरूको बचत रकम फिर्ता गर्ने व्यवस्था मिलाउन तथा लघुवित्त पीडितहरूका माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराएको छ । सरकारसँग जनजीविका र राष्ट्रिय सवाललाई सम्बोधन गर्न माग गरेको माओवादी बैठकले पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनलाई राजनीतिमा अनुमोदन गरेको छ ।

भन्न त अध्यक्ष दाहालले पुनकै इच्छाले उनलाई राजनीतिमा फेरि ल्याएको प्रस्टीकरण दिएका छन् । तर, पुन राजनीतिमा फर्किंदा माओवादीभित्र र बाहिर आलोचना भइरहेको छ । माओवादीकै नेता रञ्जित तामाङ, सुदन किरातीलगायत नेताले सम्मानित पदीय जिम्मेवारी वहन गरेको व्यक्तिलाई आलोचित भूमिकामा ल्याउन नहुने बताएका थिए । तर, अध्यक्ष दाहाल नै पुनलाई राजनीतिमा ल्याउन जोड गर्ने नेता हुन् । पुनलाई उपाध्यक्ष बनाउने भनिएको छ । कतिपयले भने उनलाई उत्तराधिकारीको रूपमा अघि सार्न दाहालले खोजेको अर्थमा विश्लेषण गरिरहेका छन् । यस्तै, पार्टीलाई शक्तिशाली बनाउन माओवादीले जनतासँग माओवादी अभियान छ महिनासम्म सञ्चालन गर्ने निर्णय गरेको छ । अनि, आगामी मंसिरमा पार्टी महाधिवेशन गर्ने भएको प्रवक्ता अग्निप्रसाद सापकोटाले बताएका छन् ।

माओवादीले आफूले जितेको १२३ पालिकामा समाजवादी कार्यक्रम लागू गर्ने पनि जनाएको छ । यससँगै माओवादीले विचार मिल्ने पार्टीसँग एकता गर्नेगरी एकताको तयारी गर्न उच्चस्तरीय पार्टी एकता संवाद समिति गठन गरेको छ । समितिले चाँडै एकता वार्ताको पहल गर्ने सचिव कार्कीले बताए । बैठकबाट अध्यक्ष दाहालको पार्टी रूपान्तरण र पुनर्गठनको संकल्प, आजको ऐतिहासिक आवश्यकता शीर्षकको राजनीतिक प्रस्ताव परिमार्जनसहित पारित गरेको छ । उक्त प्रस्तावमा पदाधिकारी र सदस्य गरी ११८ जनाले सुझाव दिएका थिए ।

■■■

### चीनमा भूकम्प...

भूकम्पका कारण उक्त क्षेत्रका २७ गाउँका हजारभन्दा बढी घर क्षतिग्रस्त बनेका छन् । ढुंगा र माटोले बनेका घरहरू प्रायः बौद्ध धर्मावलम्बीहरू रहेका छन् । धेरै घर ढुंगा, माटोको इँटा र काठको बिमजस्ता परम्परागत सामग्रीहरू प्रयोग गरेर निर्माण गरिएको देखिन्छ । आपत्कालीन कमान्ड सेन्टरलाई उद्धृत गर्दै चिनियाँ समाचार संस्था सिसिटिभीले यस क्षेत्रमा भूकम्प आपत्कालीन प्रतिक्रियाको स्थिति उच्चस्तरमा बढाइएको बताएको छ ।

चिनियाँ राष्ट्रपति सी चिनफिङले 'सम्भव भएसम्म क्षति कम गर्दै, सम्पूर्ण खोज र उद्धार प्रयासहरू, प्रभावित बासिन्दाहरूको उचित पुनर्वास र जाडोयाममा उनीहरूको सुरक्षा र न्यानो सुनिश्चित गर्न' आह्वान गरेको राज्य प्रसारणले जनाएको छ । यस क्षेत्रमा भूकम्पमा परी भएको क्षतिप्रति निर्वासनमा रहेका दलाई लामाले दुःख व्यक्त गरेका छन् ।

■■■

### नेपालमा कहाँ ...

यो भूकम्पमा परी १९ भौतिक संरचनामा सामान्य क्षति पुगेको र एक पूर्ण क्षति भएको प्रहरीले जनाएको छ । ओखलढुंगामा एक घर पूर्णरूपले क्षति पुगेको छ । प्रहरीका अनुसार ओखलढुंगाको चिसंखुगढी गाँउपालिका-५ शिरिसेका इन्द्रबहादुर परियारको घर पूर्णरूपमा भत्किएको छ । चारवटा घरमा आंशिक क्षति पुगेको छ ।

प्रहरीका अनुसार ओखलढुंगाकै सिद्धिचरण नगरपालिका चुहान छापका हिमाल कार्कीको घरमा आंशिक क्षति पुगेको छ । सोलुखुम्बुको थुलुङ दूधकोशीमा हर्कबहादुर खत्रीको घरमा क्षति पुगेको छ । यस्तै सोलुकै खुम्बु पासाङल्हामु गाँउपालिकामा डिमा शेर्पाको घर भत्किएको छ । ताप्लेजुङमा इलाका प्रहरी कार्यालय दोभानको कार्यालय प्रमुख बस्ने घरमा आंशिक क्षति पुगेको छ । संखुवासभाको भोटखोलामा तेन्जिङ शेर्पाको घर पनि भूकम्पले भत्काएको छ ।

यस्तै सिन्धुपाल्चोक भोटेकोसी गाउँपालिका-४ स्थित प्रहरी चौकी भवन चर्किएको छ । रामेछापमा एउटा गोठमा भूकम्पले क्षति पुऱ्याएको छ । नेपाल एउटा प्रमुख भूगर्भीय फल्टलाइनमा रहेको र इन्डियन टेक्टोनिक प्लेट युरेसियन प्लेटका कारण भूकम्प गइरहन्छ । सन् २०१५ मा नेपालमा आएको ७.८ म्याग्निच्युडको भूकम्पमा करिब नौ हजार मानिसको ज्यान गएको थियो भने २२ हजारभन्दा बढी घाइते भएका थिए । सन् २०२३ को डिसेम्बरमा उत्तरपश्चिम चीनको गान्सु प्रान्तमा आएको भूकम्पमा १४८ जनाको मृत्यु भएको थियो भने हजारौं विस्थापित भएका थिए ।

■■■

### संघका तृतीय...

'मेरो अनुपस्थितिमा पनि कोषको काम अगाडि बढोस् भनेर साधारण सदस्य रहेका वैकुण्ठ पौडेललाई कार्यवाहक तोकेको थिएँ । तर उनलाई प्रयोग गरेर कार्यसमितिले पास गरिसकेको ५० लाखको कोषलाई ११ लाखमा झार्ने प्रस्ताव साधारणसभाबाट पारित गर्ने तयारी गरिएको छ तर साधारणसभा हुन नसक्दा काम रोकिएको छ,' कटुवालले भने । संघले कोषको ३० प्रतिशत हिस्सा व्यवसायीबाहेक अन्य क्षेत्रको उत्थानमा पनि प्रयोग गर्ने तयारी गरेकोमा उनले नेतृत्वसँग असहमति जनाएका हुन् ।

आफू कोषमा रहँदा सम्पूर्ण व्यवसायीलाई एक ढिक्का पारेर राखेको उनको तर्क छ । अर्कोतर्फ, जो व्यवसायीले इमानदारपूर्वक सरकारको फ्रि-भिसा, फ्रि-टिकटलाई कार्यान्वयनमा ल्याइरहेका छन् त्यस्ता व्यवसायीलाई प्रोत्साहनस्वरूप संघको तर्फबाट सम्मानलगायतका कार्यक्रम बनाउनुपर्छ भन्दा संघले कुनै चासो नदेखाएको कटुवालको गुनासो छ । व्यवसायीको हितमा काम गर्ने संघ बनाउन आउँदो चुनावबाट नेतृत्व लिन आफू तयार रहेको उनी बताउँछन् ।

■■■

### रस अलखैमा...

राहदानीको म्याद समाप्त भइसकेका, भिसाको म्याद समाप्त भइसकेका र राहदानी हराई समस्यामा परेका व्यक्तिहरूको प्राथमिकताका साथ राहदानी नवीकरण गर्दै आएको पनि दूतावासले जनाएको छ । साथै दूतावासले राहदानी नवीकरणका लागि प्रि-इनरोलमेन्ट फाराम यही जनवरी २७ देखि फेब्रुअरी २८ तारिखसम्मका लागि थप खुला गरिएको पनि जानकारी गराएको छ ।


**माइग्रेसन हरायो**

मिति २०८१/०८/२६ गतेका दिन सातदोबाटो देखि बल्खु आउने क्रममा निम्न ब्यहोरा भएको NEB बाट जारी गरिएको कक्षा १२ को Migration Certificate हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न संम्पर्क नम्बरमा खबर गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

नाम : सुवास जङ्ग पाण्डे
रजिष्ट्रेसन नं.:६२२५१८२६८
सिम्बोल नं. ३८०९९१
बर्ष :२०६५ बि.सं.
संम्पर्क नं.: ९८४९१९६९९१



**साउदीमा रोजगार** कम्पनी : Cuba luxury sweets company

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 316343 चलानी नं.६०२३१००५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 2 | 0 | 1100 | ४०,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Albustan liggyhts trading

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ LT. No. 316690 चलानी नं.६०२३१००३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook General | 2 | 0 | 150 | ५३,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Hazza Integrated Projects

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ LT. No. 316691 चलानी नं.६०२३१००४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 140 | ५३,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**युएइमा रोजगार** कम्पनी : ASASAT ALDHAFRA APCC BUILDING CONTRACTING (DUBAI BRANCH
शहर :

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ LT. No. 316756 चलानी नं. ६०२३०९७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 13 | 0 | 800 | २९,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL HAYA
श्रम इजाजत नं. १०९३/०७३/०७४
Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com



**साउदीमा रोजगार** कम्पनी : JMRAN OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ LT. No. 316670 चलानी नं. ६०२३०९८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 45 | 0 | 1000 | ३६,६६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF ASIA CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ LT. No. 316671 चलानी नं. ६०२३०९८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1000 | ३६,६६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590



**युएइमा रोजगार** कम्पनी : GREEN DARK CLEANING SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ LT. No. 316738 चलानी नं. ६०२३०९९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 8 | 1200 | ४४,९७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BON MANPOWER PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile - 9803960700, 9843361254, 9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com
श्रम इजाजत नं. 1514/074/075



**साउदीमा रोजगार** कम्पनी : THEEB BIN GHONEIM BIN THEEB AL HAJRI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ LT. No. 316714 चलानी नं. ६०२३०९८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hhelper/ordinary labourer/loading & unloading worker | 1 | 0 | 1100 | ४०,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, २४ पुस, २०८१

| | |
|---|---|
| मेष | अरूको करकापमा काम गर्न बाध्य । |
| वृष | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| मिथुन | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| कर्कट | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| सिंह | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| कन्या | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| तुला | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| वृश्चिक | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| धनु | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| मकर | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| कुम्भ | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| मीन | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ६६१२२६६ |
| मानसिक अस्पताल | ४३६३४५२/४३६०८८९ |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४४८०१७० |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४७८४८४०/४७८५१५७ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४३५४५३७/४३८१९६२ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४२५८५५२/४२५८५५१ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४११६०५/४४२०८२३ |
| | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ पुस, २०८१ (८ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३७.०३ | १३७.६३ |
| युरो | १ को | १४२.६८ | १४३.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.७८ | १७२.५३ |
| स्विस फ्रैन्क | १ को | १५१.९१ | १५२.५७ |
| अस्ट्रेलियन डलर | १ को | ८६.०८ | ८६.४५ |
| क्यानाडियन डलर | १ को | ९५.६७ | ९६.०९ |
| सिङ्गापुर डलर | १ को | १००.६९ | १०१.१३ |
| जापानी येन | १० को | ८.७१ | ८.७५ |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३६.४९ | ३६.६५ |
| कतारी रियाल | १ को | ३७.५९ | ३७.७५ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३१ | ३७.४७ |
| मलेसियन रिङेट | १ को | ३०.३८ | ३०.५१ |
| दक्षिण कोरियन वन | १०० को | ९.४० | ९.४४ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५१ |
| डेनिस क्रोनर | १ को | १९.१३ | १९.२२ |
| हङकङ डलर | १ को | १७.६३ | १७.७० |
| कुवेती दिनार | १ को | ४४४.५९ | ४४६.५४ |
| बहराइन दिनार | १ को | ३६३.५० | ३६५.०९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# माघेसंक्रान्तिका लागि टोखामा चाकु बनाउन भ्याइनभ्याइ



**काठमाडौं–** माघेसंक्रान्ति पर्व नजिकिँदै गर्दा ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्व बोकेको काठमाडौंको उत्तरी क्षेत्रमा अवस्थित टोखाबजारमा चाकु बनाउन भ्याइनभ्याइ भएको छ। माघेसंक्रान्ति पर्वमा चाकु खाने प्रचलनअनुसार यतिबेला काठमाडौंको टोखाका व्यवसायी चाकु र तिलका लड्डु बनाउन भ्याइनभ्याइ भएको हो । विशेषगरी नेवार समुदायमा माघेसंक्रान्ति पर्वमा चाकु खाने प्रचलन छ । टोखा नेवार समुदायको मुख्य बस्ती रहेको बजार हो ।

टोखामा काठमाडौंका अन्यत्र स्थानको तुलनामा माघे संक्रान्तिका लागि चाकु बढी उत्पादन हुने गर्दछ। माघे संक्रान्ति पर्व आउन एक हप्तामात्र बाँकी रहँदा यहाँका उद्यमीलाई चाकु बनाउन भ्याइनभ्याइ देखिन्छ। टोखा नगरपालिका वडा नम्बर २ र ३ मा पर्ने टोखा बजारभित्र चाकु उत्पादन गर्ने १४ उद्योग छन् । ती उद्योग वरिपरि यतिबेला मानिसहरूको चहलपहल पनि बढेको देखिएको छ। टोखावासीमात्रै नभई काठमाडौंका अधिकांश पसलेले पनि यहीँबाट चाकु लगि बिक्री गर्ने भएकाले उनीहरूको पनि बाक्लो उपस्थिति देखिन थालेको हो। अहिले नै चाकु किन्ने तथा खरिदका लागि 'बुकिङ' गर्न व्यवसायीहरू त्यहाँ पुग्ने गरेका छन्।

यतिबेला टोखाको श्रीकृष्ण चाकु उद्योगमा ५० भन्दा बढी कामदारले चाकु उत्पादनको कार्यमा खटिएका छन्। उक्त चाकु उद्योगकी सञ्चालिका सन्तमाया श्रेष्ठ तिहारपछि आफू चाकु उत्पादनमा लागेको र अहिलेसम्म निरन्तर काम गरिरहेको बताउँछिन्। आफूले चार पुस्तादेखि निरन्तर चाकु बनाउँदै आएको उनको भनाइ थियो ।

टोखाको चाकु काठमाडौंका असन, इन्द्रचोक, भक्तपुर, पाटन, कीर्तिपुर र उपत्यकाबाहिरको नारायणघाट, पोखरा, बुटवल, विराटनगरलगायत सहरमा बिक्री हुँदै आएको छ । यसैगरी, उक्त चाकु नेवार समुदाय भएको विदेशका विभिन्न मुलुकमा बिक्री वितरण हुन्छ ।

टोखा परम्परागत चाकु संरक्षण समाजका अध्यक्ष कृष्ण श्रेष्ठ कात्तिकदेखि पुससम्म टोखाका चाकु उद्योगीलाई चाकु बनाउन भ्याइनभ्याइ हुने गरेको बताउँछन्। 'टोखाका चाकु उद्योगीले वार्षिक ३० लाखदेखि ४० लाख रूपैयाँ मूल्यबराबरको चाकु र उखुबाट बन्ने विभिन्न परिकार बिक्रीवितरण गर्दै आएका छन्,' अध्यक्ष श्रेष्ठ भन्छन्।

नेवारी भाषामा 'टु' को अर्थ उखु, 'ख्यः' को अर्थ 'फल्ने ठाउँ' हो । टोखा उखुखेती तथा चाकु उत्पादनका लागि प्रसिद्ध ठाउँ हो । अध्यक्ष श्रेष्ठ टोखामा परम्परादेखि नै उखुखेती हुने र उक्त उखुबाट चाकुलगायत विभिन्न परिकार बनाइने भएकाले पनि टोखाको चाकुको महत्त्व देश र विदेशमा रहेको बताउँछन् । नेवारी भाषामा 'टु' र 'ख्यः' भन्दाभन्दै उक्त शब्द अपभ्रंश हुँदै 'टोखा' हुन गएको मानिन्छ । टोखा नगरपालिकाको नामकरणसमेत टोखा बजारबाट भएको हो। टोखा नगरपालिकालेसमेत टोखाको चाकु संरक्षणमा काम गरिरहेको छ । टोखा नगरपालिकाले हाल टोखामा 'चाकु स्तम्भ' निर्माणका लागि बजेटसमेत विनियोजन गरिसकेको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी टोखाको चाकु संरक्षणका लागि टोखाका चाकु उद्योगीलाई चाकु उत्पादनसम्बन्धी तालिम तथा उखु क्षेत्रको भ्रमण गरिसकिएको बताउँछन् । टोखाको चाकु अन्तर्राष्ट्रियस्तरमा 'ब्रान्डिङ' गरिने उनको भनाइ थियो ।

अहिले टोखामा उखुखेती हराउँदै गएको छ । टोखामा उत्पादन हुने चाकुका लागि आवश्यक पर्ने सख्खर तराईका विभिन्न जिल्लाबाट आउने गरेको छ। पछिल्लो समय टोखाको परम्परालाई जोगाउनका लागि टोखा कृषि शाखाको सहयोगमा टोखाभित्र उखु रोप्न लागिएको छ । उक्त कार्यका लागि पाँच लाख विनियोजन भइसकेको टोखा नगरपालिकाले जनाएको छ। यस्तै, पुस्ता हस्तान्तरणका लागि विभिन्न प्रकारका तालिमसमेत प्रदान गरिने अध्यक्ष श्रेष्ठ बताउँछन्।

बर्सेनि ठूलो संख्यामा मानिसहरू टोखामा चाकु उत्पादनसम्बन्धी तालिमका लागि आउने गरेका छन्। टोखामा चाकु बनाउने तालिम लिएर देशका विभिन्न स्थानमा गएर उद्योग सञ्चालन गरी काम गर्ने गरेको टोखा परम्परागत चाकु संरक्षण समाजले जनाएको छ। हाल नेपालभर ५० भन्दा बढी चाकु उद्योग छन्। जसमध्ये १४ वटा टोखामा छन्।

टोखामा इस्वी संवत् ५१९ देखि चाकु बनाउने प्रचलन चलेको किंवदन्ती पाइन्छ। लामो समयदेखि चाकु बनाउँदै आएको टोखाको परम्परागत चाकु उद्योगलाई बचाउनका लागि २०७३ कात्तिक २२ गते टोखा परम्परागत चाकु संरक्षण समाज स्थापना गरिएको थियो । टोखामा ५० वर्षदेखि चाकु उत्पादन गर्दै आएका राजकाजी श्रेष्ठ टोखाको चाकु नेपालमात्र नभई विश्वका विभिन्न मुलुकबाट माग भइरहेको बताउँछन्। चाकुको माग अत्यधिक भएपछि बजारसम्म पुऱ्याउन भ्याइनभ्याइ भएको उनको भनाइ छ । टोखाका उद्योगमा हाल सादा चाकु मसला चाकु, स्पेशल चाकु, सेतो लड्डु, कालो लड्डु, बम्बे लड्डु, पुष्टकारी, भुजा लड्डु, बदाम लड्डुलगायत उत्पादन भइरहेका छन्।

काठमाडौं क्षेत्र नम्बर ५ का सांसद एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल टोखाको चाकुलाई गुणस्तरीयरूपमा उत्पादन गरेर अन्तर ाष्ट्रिय बजारससम्म लैजानका लागि आफूले उद्योग मन्त्रालयलाई ध्यानाकर्षण गरिरहेको बताउँछन्। 'टोखा चाकुका लागि प्रख्यात क्षेत्र हो, यहाँ राज्यबाटै चाकु उत्पादनको पहल गर्नसके हजारौं व्यक्तिले रोजगारी पाउने छन्, त्यसका लागि मैले सम्बन्धीत क्षेत्रमा पहल गरिरहेको छु' मन्त्री पौडेल भन्छन्। टोखाको चाकुलाई नेपालको चक्लेट भनेर अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्न सकिने उनी बताउँछन्।

टोखामा उत्पादन भएको चाकु अहिले प्रतिकिलो १३५ देखि १४० रूपैयाँसम्म बिक्री वितरण हुँदै आएको छ। नेवारी संस्कृतिमा माघ १ गते चाकु खानैपर्ने प्रचलन छ । नेवार समुदायमा काजरियाको बेलामा पनि चाकु खाने चलन छ । चाकु चिसो लागेका बेला पनि खाने गरिन्छ। चाकु खाँदा शरीरमा धेरै फाइदा हुनाका साथै रोगसँग लड्नसक्ने क्षमता विकास हुने र बालबालिकादेखि बूढाबूढीलाई जाडो महिनामा चाकु खुवाउँदा राम्रो हुने मान्यता छ। *रासस*

# गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयनसम्बन्धी समस्या छिट्टै समाधान हुने : *गृहमन्त्री*



**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयनसम्बन्धी समस्या छिट्टै समाधान हुने बताएका छन् । गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डलसँगको अन्तरक्रियाको क्रममा गृहमन्त्री लेखकले गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयनमा देखापरेका जटिलता संसद्को आगामी (हिउँदे) अधिवेशनबाटै सम्बोधन गर्ने प्रतिबद्धता जनाएका हुन् ।

उनले भने, 'सरकारले गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयनसहित नेपालको विद्यमान कानुनमा रहेका समस्याहरू, कानुन तथा नियमावली संशोधनका उपायहरू तथा अध्यागमन, मालपोत, कम्पनी, बैंक तथा अन्य व्यावहारिक ठाउँका समस्या तुरुन्त समाधानका लागि बृहत् छलफलपछि विभिन्न एक दर्जन ऐन संशोधनका लागि संसद्मा प्रस्तुत गर्दै छ, यसै अधिवेशनबाट अधिकांश समस्या समाधान हुन्छ।'

त्यसअघि संघका अध्यक्ष केसीले सरकारले विदेशमा बस्ने नेपालीलाई गैरआवासीय नेपाली नागरिकता दिन थाले पनि त्यसको संविधानतः कार्यान्वयन नहुँदा नागरिकता लिइसकेका र लिने क्रममा रहेका गैरआवासीय नेपालीहरू निराश भएको बताएपछि गृहमन्त्री लेखकले उक्त प्रतिबद्धता जनाएका हुन् ।

गैरआवासीय नेपाली नागरिकता नहुँदा नेपालमा लगानीका लागि पनि समस्या पर्ने भन्दै अध्यक्ष केसीले सरकारको ध्यानाकर्षण गराएका थिए । जवाफमा गृहमन्त्री लेखकले नेपालमा लगानीमैत्री वातावरण निर्माणका लागि संशोधन गर्नुपर्ने झण्डै एक दर्जन विधेयक संसद्मा लैजाने तयारी भइरहेको बताए । उनले भने, 'सरकारले नै लगानीका लागि आउनुस् भन्नुपर्नेमा तपाईंहरू आफैं आफ्नो देशमा लगानी गर्छौं भनेर आउनुभएको छ । नेपालको विद्यमान कानुनमा रहेका समस्याहरू, कानुन तथा नियमावली संशोधनका लागि संसद्मा प्रस्तुत गर्दै छौं।'

उक्त अवसरमा अध्यक्ष केसीले पुस्तौंदेखि विदेशी नागरिक भएर विभिन्न मुलुकमा बसेका नेपाली मूलका व्यक्ति र परिवारलाई नेपाली भएको पहिचान खुल्ने परिचयपत्र सम्बन्धमा पनि ध्यानाकर्षण गराएका थिए । जवाफमा गृहमन्त्री लेखकले भने, 'यस सम्बन्धमा छलफल भइरहेको छ । गैरआवासीय नेपालीको परिभाषाभित्र नअटाएका नेपाली मूलका विदेशी नागरिकका लागि बेग्लै परिचयपत्र दिन कानुन मन्त्रालयले गृहकार्य नै थालेको छ। सरकार यसमा सकारात्मक छ।'

सो अवसरमा संघका अध्यक्ष केसीसहित, सहकोषाध्यक्ष कृष्ण तिमिल्सेना, सल्लाहकार गोविन्दप्रसाद गौतम, आइसिसी सदस्य सञ्जु पौडेल (दक्षिण कोरिया), प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत, संघका तर्फबाट गैरआवासीय नेपाली नागरिकताका फोकल पर्सन सरोज दाहाललगायतको उपस्थिति रहेको थियो ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

पाँचथर, कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/०९/२४**

यस कार्यालयद्वारा मिति २०८१/०८/१८ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको सडकहरूको स्तरोन्नती कार्यको लागि विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (पी.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | IDOPAN/337010124/ROAD/03-081/82 | Upgrading of Dovan Tirtire Phatayangre Kharte Phakumba Samtung Sindholung Road (Ch. 3+100 to 10+000 Km), Maiwakhola RM, Taplejung | M/S Kanchha Lawati Construction, Phungling-07, Taplejung | 55,88,478.97 |
| 2 | IDOPAN/337010124/ROAD/04-081/82 | Upgrading of Dhadgaun Batoghar Gairigaun Medimung Road, Phungling-3, Taplejung | M/S Kechhang Nirman and Suppliers, Madhyapur Thimi-03, Bhaktapur | 12,65,403.76 |
| 3 | IDOPAN/337010124/ROAD/05-081/82 | Upgrading of Kampupati dekhi Besigaun Aadi Hudai Moti Mavi Road, Mikwakhola RM-02, Taplejung | M/S Kechhang Nirman and Suppliers, Madhyapur Thimi-03, Bhaktapur | 12,37,306.63 |
| 4 | IDOPAN/337010124/ROAD/06-081/82 | Upgrading of Sinwa Khejenim Vagma Pokhari Phungphunge Jharna Papung Road, Phaktanglung RM-02, Taplejung | M/S Karki Construction, Phungling-02, Taplejung | 11,48,157.22 |
| 5 | IDOPAN/337010124/ROAD/07-081/82 | Upgrading of Sapchuwa Pakwama Ikhadu Jodne Road, Phaktanglung RM-04, Taplejung | M/S Kanchha Lawati Construction, Phungling-07, Taplejung | 17,08,672.75 |
| 6 | IDOPAN/337010124/ROAD/08-081/82 | Upgrading of Pancheshwari Takten Ramite Chinabung Road, Mikwakhola RM-04, Taplejung | M/S Karki Construction, Phungling-02, Taplejung | 16,84,054.57 |
| 7 | IDOPAN/337010124/ROAD/09-081/82 | Maintenance Works of Shivalaya-Ranitar-Goruwale-Sandakpur Road, Panchthar | M/S Muben Construction Pvt. Ltd., Phidim-01, Panchthar | 64,30,347.50 |
| 8 | IDOPAN/337010124/ROAD/10-081/82 | Upgrading of Himali Lok Marg, Meringden RM, Taplejung | M/S Seguna Construction & Suppliers Pvt. Ltd., Kathmandu-8 | 12,18,484.10 |
| 9 | IDOPAN/337010124/ROAD/11-081/82 | Upgrading of Salleri Subhang Panchami Amarpur Road, Hilihang RM, Panchthar | M/S Rohan Nirman Sewa, Phidim-2, Panchthar | 17,65,364.85 |
| 10 | IDOPAN/337010124/ROAD/12-081/82 | Upgrading of Chisapani-Kurumba-Arubote Road, Miklajung RM, Panchthar | M/S Riyansh Infrastructure and Developers Pvt. Ltd., Tadi-3, Nuwakot | 64,80,730.10 |
| 11 | IDOPAN/337010124/ROAD/13-081/82 | Upgrading of Sulumphi-Ashmate-Ward office Road, Miklajung RM, Panchthar | M/S Yangma Construction Pvt. Ltd., Falelung-06, Panchthar | 31,29,244.38 |
| 12 | IDOPAN/337010124/ROAD/14-081/82 | Upgrading of Kanchhidokan-Ghisingtar-Patlebhanjyang-Imbung Road, Panchthar | M/S Tumbapo Nirman Sewa, Phidim-04, Panchthar | 13,34,874.40 |
| 13 | IDOPAN/337010124/ROAD/15-081/82 | Upgrading of Fikkal-Manjabung-Aangna Road, Panchthar | M/S Gaudeni Nirman Sewa Pvt. Ltd., Falgunanda-05, Panchthar | 21,45,378.20 |
| 14 | IDOPAN/337010124/ROAD/16-081/82 | Upgrading of Jorkulo-Fedayak-Patlebhanjyang Road, Panchthar | M/S B.P.D. Nirman Sewa, Phidim-02, Panchthar | 18,64,512.18 |
| 15 | IDOPAN/337010124/ROAD/17-081/82 | Upgrading of Rabi-Arubote Road, Panchthar | M/S Utsav Nirman Sewa Pvt. Ltd., Phidim-04, Panchthar | 22,48,636.47 |

कार्यालय प्रमुख


## युएइ/साउदीमा रोजगार

कम्पनी : RASI STAR TECHNICAL SERVICES — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ | LT. No. 316767 | चलानी नं. ६०२३०९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 2 | 0 | 1200 | ३७,४८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steal Fixer | 2 | 0 | 1200 | ४४,९७७ | | | | | | | |
| 3 | welder general | 2 | 0 | 1200 | ४४,९७७ | | | | | | | |
| 4 | ASSISTANT TILE LAYER | 2 | 0 | 1000 | ३७,४८१ | | | | | | | |
| 5 | TILE LAYER. | 2 | 0 | 1200 | ४४,९७७ | | | | | | | |
| 6 | Oxygen Welder Assistant | 2 | 0 | 1000 | ३७,४८१ | | | | | | | |
| 7 | SPRAY PAINTER | 1 | 0 | 1200 | ४४,९७७ | | | | | | | |
| 8 | building painter assistant | 2 | 0 | 1000 | ३७,४८१ | | | | | | | |

कम्पनी : SULTAN MOHAMEED SINDI TRADING ESTABLISHMENT — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ | LT. No. 316506 | चलानी नं. ६०२३०९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Best H. R. Solutions Pvt. Ltd.
Tokha-7, Basundhara Kathmandu, Nepal, Tel :+977-1-4989446, 4957800, Mobile: (Gopal: 9851052872, Shiva: 9841357054, 9803861805, 9860206621, 9856062051, 9848058194), Email: besthrsolutionpvtltd@gmail.com
श्रम ईजाजत नं. ११९०/०७३/०७४

## साउदीमा रोजगार

कम्पनी : AL TAJ AL MUMAYEZ BREADE FACTORY

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ | LT. No. 316685 | चलानी नं. ६०२३०९६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 2 | 0 | 1800 | ६६,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३६,६६९ | | | | | | | |
| 3 | sweet maker | 2 | 0 | 1200 | ४४,००३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813768590
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

## साउदीमा रोजगार

कम्पनी : ALMAS MUHAMMAD SULEIMAN AL-GHUFAILI FOUNDATION FOR PROVIDING MELAS

पूर्व स्वीकृति मिति : २०८१/०९/२३ | LT. No. 316668 | चलानी नं. ६०२३०९७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३६,६६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १५ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career Development Human Resource Pvt. Ltd.
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com
श्रम ईजाजत नं. १२३०/०७४/०७५

## ओमनमा रोजगार

कम्पनी : Assarh Al Mutakamil Lmuqawalat

पूर्व स्वीकृति मिति : २०८०/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२३ | LT. No. 299279 | चलानी नं. ६०२१४२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 0 | 4 | 120 | ४२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner Male | 30 | 0 | 120 | ४२,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००, ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## कतारमा रोजगार

कम्पनी : AL HANQAH HOSPITALITY AND CLEANING SERVICES — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316682 | चलानी नं. ६०२३०९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1700 | ६३,९५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Dry Cleaner | 115 | 0 | 1000 | ३७,६२३ | | | | | | | |
| 3 | GENERAL CLEAN WORKER | 20 | 0 | 1000 | ३७,६२३ | | | | | | | |
| 4 | Dry Clean Worker (Female) | 0 | 5 | 1000 | ३७,६२३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: चितवन, भरतपुर, होटल रेड कार्पेट, लायन्स चोक, नारायणघाट, क्षेत्रपुर-२ मा मिति: २०८१ माघ ४ गते (17th Jan. 2025) मा हुनेछ ।
धनुषा, जनकपुर, PIT Training Center, Ramanad Chowk-7 मा मिति: २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।
सुनसरी, इटहरी, London Hotel, Dharan Road-6 मा मिति: २०८१ माघ ६ गते (19th Jan. 2025) मा हुनेछ ।
झापा, दमक, Lucky 07 Training Center, Bargazi-9 मा मिति: २०८१ माघ ६ र ७ गते (19th & 20th Jan. 2025) मा हुनेछ ।
झापा, बिर्तामोड, Central Poing Hotel Birtamode-1 मा मिति: २०८१ माघ ७ र ८ गते (20th & 21st Jan. 2025) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौं, सिनामंगल-९ मा मिति: २०८१ माघ ९ गते (22nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००, ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ऊर्जामन्त्री खड्काको तिकडम

**ऊर्जामन्त्री सम्हालेयता कांग्रेस नेता दीपक खड्काले ऊर्जा क्षेत्रको विकास हुने एउटा पनि काम गरेको देखिएका छैन । मन्त्री हुनुअघि नै विवादमा मुछिँदै आएका खड्का मन्त्री भएपछि झन् विवादित बनेका छन् । लैनचौर व्यांक्वेट चलाउन स्काउटको जग्गामा रजाइँ गरेर भाडा नतिर्ने उनी मन्त्रालयमा इन्ट्री मार्नेबित्तिकै विवादमा तानिए । यसबाट बच्न खड्काले यतिसम्म चलाखी गरे कि, आफ्नो नाममा भएको खड्का ल्याण्ड कार्यकर्ताको नाममा सारिदिए ।**

**खड्का ल्यान्ड त्यही कम्पनी हो जसले स्काउटसँग लैनचौर व्यांक्वेट भाडामा लिएको थियो । सत्ता र शक्तिको आडमा अहिले खड्का मन्त्री नै छन् । तर, छ महिनासम्म उनले मन्त्रालयमा कुर्सीमा बस्नेबाहेक अरु काम गर्न सकेका छैनन् । मन्त्री खड्काको एउटै ध्याय देखिन्छ, महत्त्वपूर्ण काम भनेको कुशलतापूर्वक विद्युत् प्राधिकरण सञ्चालन गरी लोडसेडिङ हटाएका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई कसरी हटाउने भन्नेमा ।**

**आफूले भनेको ठाउँमा आफ्नो मान्छे नियुक्ति नदिएपछि कुलमानसँग रुष्ट भएका खड्कामा 'इगोहर्ट' लागेको प्रस्ट देखिन्छ । प्राधिकरणमा रहेर नियमितरूपमा विद्युत् व्यापारबाट नाफामा लगेको संस्थाको प्रमुखलाई गिद्धेनजर लगाउनु आफैंमा उदेगलाग्दो विषय हो । अर्को विषय भनेको प्राधिकरण मन्त्रालयको सानो युनिट हो । तर यही प्राधिकरणको कर्मचारीलाई भने मन्त्री खड्काले चाहेर पनि हटाउन सकेका छैनन् ।**

**यसरी नै छ महिना खड्काले बिताएका छन् । यो बीचमा कुलमानले बंगलादेशसँग विद्युत् व्यापार सम्झौता गरिसकेका छन् । लोडसेडिङको हल्ला भइरहेका बेला नियमित विद्युत् प्रवाह गरिरहेका छन् । आफूले चाहेको कुरा नहुनु तर कुलमानले धमाधम नियमित काम गरेपछि मन्त्री खड्काले प्राधिकरणमा अनेक तिकडम गर्न थालेका छन् ।**

**कहिले स्पष्टीकरण सोध्ने, कहिले प्राधिकरणमै आफू बस्ने कोठा बनाएर कुलमानलाई दबाबमा राख्ने । कहिले सम्पत्ति शुद्धीकरण लगाइदिने धम्की दिने, कहिले अख्तियारको । एक मामुली सरकारी सेवकलाई मन्त्रीले बिरालोले मुसा खेलाएझैं खेलिरहनु नै सन्देहपूर्ण छ । जसरी हुन्छ, आफूले चाहेको योजना पूरा गरिछाड्ने मनसायमा खड्का देखिन्छ भने आफ्नो कार्यकालभर देशलाई लोडसेडिङमा नपुर्‍याउने कुलमानको चाहना देखिन्छ ।**

**यो दुई विपरीत चाहना र प्रतिष्ठाको लडाइँमा मन्त्रीको कुत्सित् अभिलाषा छर्लंग देखिन्छ । तर वर्तमान सरकारको नेतृत्व नै कुलमानको विरुद्धमा देखिन्छ । जसकारण पनि मन्त्री खड्काले लाजै नमानी पटक–पटक कुलमानलाई प्रहार गरिरहेका छन् । मन्त्री खड्काको यस्तो कदम निकै प्रतिशोधपूर्ण देखिन्छ । मन्त्रीले राजनीतिक प्रतिशोध लिएर होइन, कार्यक्षमताका आधारमा काम गर्न दिनुपर्छ । ऊर्जामन्त्रीको यो प्रवृत्तिले राज्यका लागि कुनै लाभको नतिजा नदिने निश्चित छ ।**

## मनन्योग्य

### चाणक्य नीति

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

# राष्ट्रिय मेलमिलाप नीति र एकताको सान्दर्भिकता



■ मनोहर कार्की

बिपीले अवलम्बन गरेको राष्ट्रिय मेलमिलाप नीति वर्तमान नेपालको तरल राजनीतिक अवस्थामा अझ सान्दर्भिक र महत्वको रहेको कुरामा राजनीतिक विश्लेषकहरु एकमत रहेका छन् । समसामयिक अवस्थामा लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, राजनीतिक स्थायित्व तथा संस्कारको दिगोपनका दिशामा हाम्रासामु देखिएका अनगिन्ती समस्याहरुको समाधानका लागि सहकार्य र मेलमिलाप नै हो । राजनीतिक निर्णयले भोलिको नेपालले स्पष्ट दिशाबोध पाउने छ ।

लोकतन्त्र र लोकसम्मति आफैंमा परिपूरक हुन् । लोकसम्मतिका मान्यताको प्रस्थानबिन्दुमा विधिको शासन र राज्य सञ्चालन वास्तविक अर्थमा विधिको शासन हो । यस मानेमा शासन प्रणाली र शासकीय स्वरूपको गत्यात्मकता विधि शासनको सार रूप हो । यसका आयाम जनाकांक्षा सम्बोधनले तात्त्विक गरिमा र खास महत्त्व राख्दछ । राजनीतिक विश्लेषकले असल शासक त्यही हो जो सबैभन्दा कम शासन गर्दछ भनेका छन् ।

असल शासन लोकसम्मतिको आधार हो । लोकसम्मतिको आधारशिलामा राज्यव्यवस्था सञ्चालन गर्ने उदाहरणीय शासकका रूपमा थोरै व्यक्तिले आफ्नो पहिचान बनाउन र भूमिकाको जनमानसमा अनुभूत गराउन सकेका छन् । तिनै व्यक्तिको नाम लिँदा बिपी कोइरालाको नाम आउँछ, जसले शासकभन्दा जन पथप्रदर्शकका रूपमा जननिर्वाचित सरकारको नेतृत्व गरेको उदाहरण हामीमाझ छ ।

लोकतन्त्रलाई जनताको आशाको मियो र अभिमतको सहमतिका रूपमा लिएर जनजीविकाका सवालमा लागिपर्ने नेता विरलै पाइन्छ । शासनको बागडोरलाई शक्ति आर्जन र उत्सर्जनको प्रदूषणबाट मुक्त राखेर जनसेवकका रूपमा उभ्याउनसक्ने राजनेताको खडेरी पुर्ने उदाहरणीय व्यक्तित्व बिपी विचार र आदर्शका पथप्रदर्शक हुन् । सन्दर्भ र घटनाक्रमले राजनीतिक परिदृश्यले कुशल निर्णय क्षमताको खोजी गर्दै रहँदा राष्ट्रिय मेलमिलाप तथा एकता दिवसको सान्दर्भिकतालाई अझ घनिभूत बनाएको छ । आमजनमानसले लोकतान्त्रिक गणतन्त्र र संघीयताको अक्षुणताको प्रत्याभूति चाहन्छन् । राजनीतिक संस्कृति र संस्कारको सालिनपन हाम्रो लोकतन्त्रको जड हुनुपर्दछ ।

सन्दर्भले राष्ट्रिय मेलमिलाप र एकताको सन्देश निकै हदसम्म राजनीतिक स्थायित्व, दिगोपन र जनजीविकाको सवालमा साझा धारणा र सहकार्य नै हो । यस दिशामा वर्तमान नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकारले एकता र मेलमिलापको सन्देश राज्य व्यवस्था सञ्चालनका क्षेत्रमा असल अभ्यासको थालनी गरेका छन् । सरकारको कार्यदिशा र शासन सञ्चालनमा जनउत्तरदायित्व प्राथमिक सवाल र आधार रहन्छ । संसद्का दुई ठूला राजनीतिक दलको प्रतिनिधित्व रहेको यो सरकार वास्तवमा नै अकंगणितीय जोडमा जति गठिलो छ, जनताका आकांक्षा परिपूर्ति र जनजीविकालाई सम्बोधन गर्ने दिशामा युगान्तकारी हुन सक्नुपर्दछ । तब त वर्तमान परिप्रेक्ष्यमा हामीले राष्ट्रिय मेलमिलाप र एकताको दिवस मनाउनुको सार्थकता रहला । यसका साथै राष्ट्रिय सहमति र राजनीतिक संस्कारित परिचालनका पाटालाई सम्बोधन गर्न सकिएको खण्डमा समृद्ध र जनमुखी लोकतन्त्रले मलजल पाउने थियो । राष्ट्रिय साझा सवालमा सबै राजनीतिक हित समूहका विचार र लोकतन्त्रको मूलप्रवाहीकरणमा रहेका साना ठूला दलका विचारलाई मनन गर्ने वातावरण आजको आवश्यकता पनि हो ।

नेपालको राजनीतिक इतिहासमा २०३३ साल पुस १६ गतेको ऐतिहासिक दिनले विशेष महत्त्व राख्दछ । यसै दिन नेपाली राजनीतिका शिखर व्यक्तित्व तथा प्रजातान्त्रिक समाजवादी विचारका प्रणेता जननायक बिपी कोइराला छिमेकी राष्ट्र भारतको आठ वर्ष लामो निर्वासनपश्चात् राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई जनता र नेपाली माटोको चाहना पैरवी गर्दै साहसिक निर्णयका साथ पार्टीका अन्य नेता तथा निष्ठावान् कार्यकर्ताहरूसहित स्वदेश फर्किए । त्यतिबेला भारतमा रहेका प्रबुद्ध राजनीतिज्ञ तथा अनन्य शुभचिन्तकहरूले परिस्थिति बिपीका लागि अनुकूल नभएकोले आफ्नो निर्णयमा पुनर्विचार गर्नसमेत नसुझाएका होइनन् ।

तथापि, बिपी आफ्नो निर्णयमा अडिग रहेर नेपाल फर्किए । यस ऐतिहासिक दिनको सम्झना र संस्मरणमा प्रत्येक वर्ष पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका रूपमा नेपाली कांग्रेसले देशव्यापीरूपमा मनाउँदै आएको छ । तात्कालिक निरंकुश पञ्चायती शासन व्यवस्थामा दलमाथिको कडा प्रतिबन्ध, राजनीतिक दलका शान्तिपूर्ण कार्यक्रम तथा भेलामासमेत रोक तथा चरम धरपकडको अवस्थामा आफूमाथि करिब एक दर्जनजति राजद्रोह तथा राजकाजसम्बन्धी तात्कालिक पञ्चायती शासकको कथित मुद्दाका बाबजुत् त्यो विषम् परिस्थितिमा नीर्भिक, दृढनिश्चयी तथा साहसिक राजनेताका रूपमा बिपी कोइराला राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्किए । लोकतन्त्रको प्रवर्द्धन अनि राजसंस्थाको हितमा पनि आफूले राष्ट्रिय मेलमिलापको नीति लिएर एकताको सन्देश प्रवाह गर्दै स्वदेश फर्किएको पैरवीप्रति उनको निश्चयता थियो ।

राष्ट्रिय मेलमिलाप नीतिको सान्दर्भिकतासँग समकालिक क्षेत्रीय तथा अन्तर्राष्ट्रिय परिस्थिति पनि कारक थिए । बिपीको सोचपूर्ण निर्णयशक्तिका पछाडि विशेषतः अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको कूटनीतिक चलखेल, दक्षिण एसिया क्षेत्रको तरल क्षेत्रीय राजनीतिक असन्तुलत तथा सामरिक महत्त्व र दक्षिण एसिया क्षेत्रको क्षेत्रीय मामलामा चासो राख्ने शक्तिराष्ट्र र शक्ति केन्द्रहरूको निहीत स्वार्थ थिए । यस्ता शक्तिको कुत्सित हित आर्जन गर्ने परिदृश्यले नेपालको राष्ट्रियता र अखण्डतामा चुनौती दिएको उनको ठम्याइ थियो । अन्ततः नेपालीजनमाझ आफ्ना विचार, राजनीतिक चिन्तन र नीतिलाई उजागर गर्ने आशयका साथ फर्किएका हुन् भन्ने विश्लेषण सही हुनसक्छ । नेपाली राष्ट्रिय अखण्डता र नेपाली राजनीतिलाई सहकार्य तथा सहअस्तित्वका आधारमा अगाडि लैजानुपर्छ भन्ने मान्यताको जोडदार वकालत हुनसक्यो । साँच्चै भन्ने हो भने उनीमाथि तात्कालिक पञ्चायती शासकले लगाएका कथित मुद्दाहरू पञ्चायती न्यायालयमा प्रमाणित भएका भए मृत्युदण्डको सजाय हुनसक्ने थियो । त्यसैले त बिपी कोइरालाले लिएको साहसिक निर्णयलाई राजनीतिक विश्लेषणका आधारमा साहसिक तथा दूरगामी निर्णयका रूपमा लिन र बुझ्न सकिन्छ ।

वर्तमान नेपालको राजनीतिक व्यवस्था र लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको प्रतिविम्बका रूपमा नेपालको संविधान-२०७२ लाई लिन सकिन्छ । जसको अपनत्व सार्वभौम जनता, दलीय पहिचान, लोकतान्त्रिक शक्ति नेपाली कांग्रेस तथा समग्र कम्युनिस्ट शक्तिहरूको साझा उपलब्धि हो । समावेशी, प्रतिनिधिमूलक तथा समानुपातिक परिपाटीसहितको लोकतन्त्रको संस्थागत विकासमा अर्जुनदृष्टि अपरिहार्य छ । हामीले आर्जन गरेका उपलब्धिलाई बिपीले विगतमा उठाएको राष्ट्रिय मेलमिलाप नीतिको अभिन्न अंगका रूपमा नै लिन र विश्लेषण गर्दा अतिशयोक्ति नहोला ।

जनप्रतिनिधिमूलक संस्थाको जनताप्रतिको दायित्व र विकास तथा समृद्धिका आधारलाई आमजनताको सरोकारका रूपमा उजिल्याउने सत्प्रयासलाई बोधगम्यता दिन र गत्यात्मक विधि र प्रक्रियालाई संविधानको भावना र मर्मअनुसार उजागर गरिनु उक्तिसंगत कथन हुनसक्ला । विकास र रूपान्तरणका दिशामा सरकारको सेवा प्रवाहको गति तथा विकासका कदमबाट हित समूह तथा आमजनता सन्तुष्ट हुन नसकिरहेको तथ्यलाई मनन गरी फरक तथा गुणात्मक परिवर्तनको अनुभूति आमजनतामा सञ्चार गर्नुपर्ने छ ।

बिपीले अवलम्बन गरेको राष्ट्रिय मेलमिलाप नीति वर्तमान नेपालको तरल राजनीतिक अवस्थामा अझ सान्दर्भिक र महत्त्वको रहेको कुरामा राजनीतिक विश्लेषकहरू एकमत रहेका छन् । समसामयिक अवस्थामा लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, राजनीतिक स्थायित्व तथा संस्कारको दिगोपनका दिशामा हाम्रासामु देखिएका अनगिन्ती समस्याहरूको समाधानका लागि सहकार्य र मेलमिलाप नै हो । राजनीतिक निर्णयले भोलिको नेपालले स्पष्ट दिशाबोध पाउने छ ।

केही सान्दर्भिक कुराहरू यहाँ उठान गरिनु सापेक्षिक नै रहला । राष्ट्रिय मेलमिलाप नीतिको कुरा गर्दा बिपी कोइरालाकै पार्टी नेपाली कांग्रेसभित्रको आन्तरिक राजनीतिक व्यवस्थापन र पार्टीपंक्तिलाई गुट र उपगुटको संस्कृतिबाट माथि उठाएर सबल र लोकतान्त्रिक मियोको एकमात्र पार्टीका रूपमा स्थापित गर्नु कांग्रेस नेतृत्वका लागि चुनौती र अवसर दुवै हो । कांग्रेसभित्रको आन्तरिक राजनीतिक तरलताले सिंगो पार्टीको दिशाबोध, पार्टी विचार र नीतिको कार्यान्वयन, कांग्रेसको जनमुखी भूमिकालाई कुशल व्यवस्थापन चुनौतीका रूपमा तेर्सिएको छ । मेलमिलाप र एकताको सन्देशलाई पार्टीको आन्तरिक राजनीतिमा अझ चुस्त बनाउनु महत्त्वपूर्ण देखिन्छ । आमकांग्रेसीजन तथा लोकतान्त्रिक मूल्य र संस्कारलाई आत्मबोध गर्ने सबैको चासो र संस्कारित रहला ।

राष्ट्रिय मेलमिलापको नीतिको र एकताको सान्दर्भिकतालाई आत्मसात् गर्दै जननेता बिपीले राष्ट्रिय मेलमिलाप तथा एकताको नीतिको सवल व्याख्या र अभ्यास गरे । राजनीतिक शक्तिकेन्द्रहरूले दीर्घकालिक सोच र जनमतको प्रतिविम्बलाई मुखरित गर्ने दिशामा ठोस कार्यको विश्वास लिएका छन् । संघीयताको सफलताको प्रतिविम्ब तथा आर्थिक सामाजिक, सांस्कृतिक रूपान्तरणका दिशामा अघि बढाउन एकता र सहकार्य नै प्राथमिक तत्त्व हो । जनताका विकास तथा स्थायित्वको अभिलाषा मात्र जिजिविषामा परिणत नहोस् ।

## पाठक मञ्च

### नेताको भ्रष्ट प्रवृत्तिविरूद्ध सशक्त खबरदारीको खाँचो

प्रधानमन्त्रीमा पटक-पटक एउटै व्यक्ति तर के भयो उपलब्धि ? अहिले जनमानसमा यसबारे व्यापक चर्चा चलेको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पाँचपटक प्रधानमन्त्री बने । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल तीन-तीन पटक प्रधानमन्त्री भए ।

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल, डा. बाबुराम भट्टराईले पनि प्रधानमन्त्रीको पद सम्हाले । विडम्बना के भने जोसुकै पदमा आए पनि देश र जनताको अवस्था उही छ । नेपालका नेताहरू कतिसम्म 'निकम्मा' छन् ? भन्ने हेर्न केही वर्ष पछाडि फर्किनुपर्छ ।

२०७० सालमा निर्वाचन गराउन नसकेपछि पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा सरकार गठन गरियो । मन्त्रीहरू पनि कर्मचारी नै भए । विश्वमा पनि यस्तो घटना भएको छैन होला । पूर्वप्रधानन्यायाधीश प्रधानमन्त्री, रिटायर्ड सचिव, सहसचिवहरू मन्त्री । राजनीतिक दलहरू त्यतिबेलै 'फेल' भइसकेका थिए ।

तर, त्यो कुरा जनताले बुझेनन् । रेग्मीले २०७० सालमा निर्वाचन गराएपछि सरकार छोडे, राजनीतिक दललाई नै सरकारको हस्तान्तरण गरे । उक्त निर्वाचनबाट निर्वाचित भएर आएका जनप्रतिनिधिले नेपालको संविधान बनाए । २०७२ असोज ३ गते संविधान जारी भयो । २०७२ सालको संविधान खारेज गर्नुपर्ने माग जनताको छ ।

संविधानले देशलाई तीन तहमा बाँडेको छ । संघीयताको नाममा खर्च बढाइएको छ । तर, त्यसले खर्च बढाउनुबाहेक केही हासिल हुन सकेको छैन । पञ्चायती व्यवस्थाले देशमा विकास गर्न सकेन, विदेशी हस्तक्षेप बढ्यो, खर्च बढ्यो भनेर आन्दोलन गरे । २०४६ सालमा राजनीतिक परिवर्तन भयो ।

पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आयो । २०४६ सालपछि प्रधानमन्त्री बन्ने नेताहरू धेरै छन् । स्वर्गीय नेता कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, सुशील कोइरालालगायत प्रधानमन्त्री भए । पञ्चायती व्यवस्था ढाल्न मुलुकमा भएको आन्दोलनको नेतृत्वकर्ता यिनै हुन् ।

देशमा अहिले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था छ । तर जे सोचेर यो व्यवस्था ल्याइयो, त्यो पूरा हुन सकेन । छिमेकीको हस्तक्षेप व्यापक बढेको छ । यहाँ केही निर्णय गर्न खोज्यो भने छिमेकीलाई बढी चासो हुन्छ । हस्तक्षेप गर्न आइहाल्छन् । हिजो जे-जे मुद्दा उठाएर देशमा आन्दोलन भयो, के त्यो पूरा भयो ?

खर्च झनै बढेको छ । जनताले पहिले एउटा राजा पाल्थे, अहिले त हजारौं राजा भए । विदेशी हस्तक्षेप घट्नुको साटो झन् बढ्दै गएको छ । राजनीतिक दलहरू देश र जनताका लागि होइन, आफ्नो व्यक्तिगत स्वार्थका लागि आएका हुन् भन्ने पुष्टि नै भइसकेको छ । पार्टी खोल्ने अनि पालैपालो पदमा जाने ।

वर्षौंदेखि यही क्रम चलिरहेको छ । टुक्रे पार्टी बनाउने अनि सरकारमा जान बार्गेनिङ गर्ने । व्यक्तिगत फाइदा लिने । मुलुकमा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आयो तर के परिवर्तन भयो ? नेताहरूले जनतालाई के दिन सके ? वैदेशिक रोजगारी ? जति पनि विकास भएको छ, २०४६ साल अगाडि नै भएको हो । राजमार्गहरू पञ्चायती व्यवस्था हुँदा नै खुलेको हो । अहिलेकाले त बनाउन होइन, बेच्न जानेका छन् । सरकारी सम्पत्ति बेचेर खाइहाले । जनताले २०४६ सालपछि के-के विकास भयो ? भनेर नेतालाई सोधे भने उनीहरूले जवाफ दिन सक्दैनन् । देशमा यो व्यवस्था ल्याउन जनताले धेरै संघर्ष गरेका छन् ।

जनताका छोराछोरी सहिद बनेका छन् । कतिपय टुहुरा भएका छन् । राजनीतिक दललाई के छ ? कोही गुमाउनुको पीडा थाहा छैन । नेता भनेका छन्, हावा भाषण ठोकेका छन् । जनतालाई भ्रममा पार्ने, आफू खाइरहने, यो खेल चलिरहेको छ । यहाँ जसले जे गर्छ, आफ्नो व्यक्तिगत स्वार्थका लागि गर्छ ।

पदका लागि नेताहरूले कतिसम्म गर्छन् ? यसको उदाहरण कांग्रेसका सभापति देउवालाई लिए हुन्छ । गिरिजाप्रसाद कोइरालाले सभापति नछोडेपछि प्रधानमन्त्री खानका लागि देउवाले पार्टी नै फुटाए । २०५४ सालमा एमाले फुटेर माले बन्यो । अहिले पनि एमाले फुटि नै रहेको छ । केपी एकातिर, माधव अर्कोतिर । माओवादी त टुक्राटुक्रा भइहाल्यो । पद नपाएपछि पार्टी नै फुटाएर हिँड्नेहरूले देशका लागि विनास्वार्थ काम गर्छन् ? कांग्रेसका महामन्त्री गगन थापा सधैं ठूला नेताको भ्रष्टाचारको फाइल खोल्ने भाषण राख्छन् । उनले भ्रष्टाचार गरेको फाइलचाहिँ किन नखोल्ने ? गगनको सवालमा मात्रै होइन, प्रायः नेताहरूको प्रवृत्ति यस्तै छ । यसमा जनताले सशक्त खबरदारी गर्नुपर्ने अहिलेको आवश्यकता हो ।

- अनुसा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# बागलुङ नगरपालिका अब बालमैत्री नगर



**बागलुङ (प्रस)–** बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिका ५१ सूचक पूरा गरेपछि बागलुङ नगरपालिकाका १४ वडालाई बालमैत्री वडा घोषणा गरिएको छ। यससँगै बागलुङका सबै वडा बालमैत्री बन्दै समग्र नगरपालिका नै बालमैत्री घोषणा गरिएको छ। यसका लागि नगरपालिकाले दुई वर्षयता सामाजिक विकास र बालमैत्री पूर्वाधारमा झण्डै तीन करोड रूपैयाँ लगानी गरेको थियो।

यसअघि जिल्लाको गलकोट नगरपालिकालाई बालमैत्री घोषणा गरिएको थियो। बागलुङ नगरपालिकाका नगरप्रमुख बसन्तकुमार श्रेष्ठका अनुसार बालमैत्री पूर्वाधार निर्माण, विभिन्न अन्तरक्रिया कार्यक्रम र वडा तहमा बालमैत्री सहजकर्ता खटाइएको थियो भने बालमैत्री विद्यालय, बालमैत्री पूर्वाधार र स्वास्थ्यतर्फका सबै सूचक पूरा गरिएको थियो। नगरपालिकाले चालु आर्थिक वर्षमा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा र कार्यक्रमका लागिमात्रै रु एक करोड २५ लाख बजेट विनियोजन गरेको छ।

उक्त बजेटबाट बालमैत्री विद्यालय भवन निर्माण, खानेपानी, शौचालयलगायतका पूर्वाधार निर्माण गरिएको छ। टोलटोलमा बाल क्लव गठन गर्ने, बालबालिकालाई सामाजिक कार्यक्रममा सहभागी गराउने, बालविवाह, बालश्रम अन्त्य गर्नेलगायतका अभियान सम्पन्न भइसकेको र अबको ध्यान नगर घोषणासँगै दिगोपनाका लागि राणनीतिक योजना तयारीमा ध्यान गएको नगरप्रमुख श्रेष्ठको भनाइ छ। नगरपालिकाले गत आर्थिक वर्षमासमेत ४० लाख रूपैयाँ लागतमा नगरका सामुदायिक विद्यालयको शौचालय, खानेपानी तथा बालमैत्री पूर्वाधारमा खर्च गरिसकेको छ।

नगरपालिकाले आगामी दिनमा निर्माण गरिने हरेक विकास निर्माणलाई बालमैत्री तरिकाले निर्माण गर्ने बताएको छ। बालमैत्री नगरपालिका निर्माणले सामाजिक विकासलाई टेवा पुर्‍याउने बालमैत्री संयोजक तिलक आचार्यले जानकारी दिए।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७८, घोषणा कार्यविधि २०७९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम बागलुङ नगरपालिकामा २०७९ जेठ ६ गतेदेखि बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने प्रतिबद्धतामा हस्ताक्षर गरी २०८१ साल पुस मसान्तभित्र बागलुङ नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने निर्णय अनुसार सबै वडा घोषणा गरिएको हो।

बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी नगरपालिका बालमैत्री बनाइएको हो।

# जलपन्छीको प्रजाति र संख्यामा कमी



**नवलपरासी (प्रस)–** यस वर्ष चितवन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने नारायणी र राप्ती नदी आसपासका सिमसार क्षेत्रमा जलपन्छीको प्रजाति र संख्यामा कमी आएको छ। सोमबारदेखि सुरु भएको जलपन्छी गणनाअन्तर्गत चरा गणनामा संलग्न निकुञ्जका मध्यक्षेत्र संयोजक एवं चराविज्ञ मनेष लिम्बूले विगतमाझैं चराको प्रजाति र संख्या नभेटिएको बताए। 'अघिल्लो वर्ष जलपन्छी गणनामा ४७ प्रजातिका चरा भेटिएका थिए,' उनले भने, 'यस वर्ष २८ प्रजातिको मात्र चरा भेटिए।' साना चराको संख्यासमेत थोरै भेटिएको उनको भनाइ छ।

विगतमा गणना गरिएको जुरे हुट्टिट्याउँ, चित्रदंगालगायत जलपन्छी यसपटक नभेटिएको उनले जानकारी दिए। 'चखेवा र खोया हाँसको संख्या भने विगतमाझैं भेटिएको छ,' उनले भने। नदीमा बढेको प्रदूषणका कारण यस क्षेत्रमा जलपन्छी न्यून आएको हुनसक्ने उनले बताए।

गणनाको केही दिन अगाडि निकुञ्ज क्षेत्रमा पहिलोपटक 'कालो टाउके लेक चरी' भेटिएको थियो। 'यसअघि यो चरा हामीले निकुञ्ज क्षेत्रमा कहिल्यै भेटेका थिएनौं,' लिम्बूले भने, 'दुई हप्ता अगाडि भेटिएको यो चरा चितवनका लागि नयाँ प्रजाति हो।' हाल उत्तरी ध्रुव, रुस, चीन, मंगोलियालगायत अत्यधिक चिसो क्षेत्रबाट जाडो छल्न र खानेकुराको खोजीमा विभिन्न ताल, तलैया, नदी र जंगलमा चरा आउने उनले बताए।

निकुञ्जको पश्चिमी क्षेत्र र नवलपुरका तालतलैयामा भने पुस २७ गतेमात्र जलपन्छी गणना गर्ने तयारी गरिएको संयोजक डिबी चौधरीले बताए। विभिन्न संघसंस्थासँगको सहकार्यमा देशभरका ताल, तलैया, नदी र सिमसारमा पाइने जलपन्छीको संख्या, प्रजाति र बासस्थानको अवस्थाबारे जानकारी लिन यस वर्षको गणना यही पुस २० गतेबाट माघ ६ गतेसम्म सञ्चालन हुने चौधरीले बताए। 'चरा गणना स्वयंसेवीरूपमा गरिने भएकाले सबैलाई पायक पर्ने समय मिलाएर आगामी शनिबार र आइतबार गणना गर्ने तयारी गरेका छौं,' उनले भने, 'जलपन्छी गणनामा सहभागी हुने गणक होटल व्यवसायी, नेचरगाइड हुने भएकाले अन्य ठाउँमा भन्दा केही दिन पछाडि गणना गर्न लागिएको हो।'

यस क्षेत्रमा पाँच समूह बनाएर दुई दिनसम्म चरा गणना गर्ने योजना बनाइएको छ। जलपन्छी गणनाका क्रममा पानीमा आश्रित तथा पानी वरपर बस्ने परम्परागत र बसाइँसराइ गर्ने चराहरूको तथ्यांक संकलन गरिने जनाइएको छ। चराको प्रारम्भिक तथ्यांक गणना सकिएलगत्तै गरिने भए पनि विस्तृत प्रतिवेदन आगामी वैशाख १ देखि ७ गतेसम्म मनाइने वन्यजन्तु सप्ताहका अवसरमा सार्वजनिक गरिने संयोजक चौधरीले बताए।



**खुम्बुमा हिमपात** | सोलुखुम्बुको खुम्बु क्षेत्रमा मंगलबार हिमपातपश्चात् देखिएको दृश्य। मंगलबार दिउँसोदेखि दिंबुचेसहितको क्षेत्रमा हिमपात हुँदा खुम्बु क्षेत्र पूरै सेताम्मे बनेको छ। *तस्बिर: सुवास दर्नाल/रासस*

# तालतलैयामा आगन्तुक चराको चहलपहल

■ **भीष्मराज ओझा**

**काठमाडौं–** हरेक हिउँदमा उत्तरी ध्रुवबाट चिसो छल्नका लागि नेपाल आउने चराको आगमन यस वर्ष पनि भइसकेको छ। अत्यधिक चिसो हुने रुस, उत्तरी चीन, मंगोलिया, साइबेरियालगायतका क्षेत्रबाट जलपन्छी यस याममा अनुकूल तापक्रमको खोजीमा नेपाल आउने गर्छन्।

चराविद्हरूका अनुसार यी जलपन्छी यात्राका क्रममा बाटोमा पर्ने तालमा आराम गर्दै आउँछन्। तर क्र्याङकुरुङ सारस भने प्रतिकूल मौसमबाहेकको अवस्थामा निरन्तर सयौं किलोमिटर उडेर यात्रा गर्छ। चिसो क्षेत्रबाट हजारौंको संख्यामा चरा जाडो छल्न अनुकूल वातावरण र प्रचुर मात्रामा खानेकुराको खोजीमा भारतको राजस्थानसम्म पुग्ने गर्छन्। फर्किंदा भने पाकिस्तान, अफगानिस्तानको बाटो प्रयोग गर्छन्। यी चरा नेपाल आउने क्रम भदौ मध्यदेखि पुस मध्यसम्म चल्छ। चैतसम्म भने प्रायः चरा आफ्नो स्थायी बसोबासस्थलमा प्रजननका लागि फर्कने गर्छन्। नेपालमा हिउँदमा बसाइँ सरी आउने पानी चरामा हाँस, जलेवा, गंगाचील आदि पर्छन्।

यतिखेर मुलुकका विभिन्न नदी, ताल, तलैया, सिमसार क्षेत्रमा जाडो छल्न तथा आहाराको खोजीमा आइपुगेका आगन्तुक चराको चहलपहल बढ्दो छ। यही समयमा सिमसार क्षेत्रमा आश्रित रैथाने तथा आगन्तुक चराको विवरण र अवस्था पत्ता लगाउन एवं संख्या अद्यावधिक गर्न जलपन्छीको गणना सुरु गरिएको छ।

नेपाल पन्छीविद् संघले गणनामा समन्वय गरिरहेको छ। सो संस्थाका कार्यकारी निर्देशक लक्ष्मणप्रसाद पौड्यालले देशभरका ताल, तलैया, नदी र सिमसार क्षेत्रमा पाइने जलपन्छीको संख्या, प्रजाति र वासस्थानको अवस्थाबारे जानकारी लिन गणना सुरु गरिएको बताए। हरेक वर्ष जनवरीको पहिलो शनिबारदेखि जलपन्छी गणना सुरु गर्ने गरिएको छ। यस वर्षको गणना जनवरी ४ देखि १९ सम्म (पुस २० गतेबाट माघ ६ गते सम्म) सञ्चालन हुने छ। कार्यकारी निर्देशक पौड्यालले भने, 'यस अवधिमा पानीमा आश्रित तथा पानी वरिपरि बस्ने आवासीय र बसाइँसराइ गर्ने चराको तथ्यांक संकलन गरिने छ। यतिखेर खोलानालामा आगन्तुक चराको आगमन र गतिविधिले छुट्टै माहोल बनेको छ।'

गणनामा हिमाली प्रकृति, बर्ड कन्जरभेसन नेपाललगायत स्थानीय संघसंस्था, चरा संरक्षणकर्मी तथा सम्बन्धित सरकारी अधिकारीहरूको सहभागिता छ। सन् १९८७ देखि हरेक वर्ष जनवरी ४ देखि दुई हप्तासम्म जलपन्छी गणना गर्ने गरिएको। सिमसारको संरक्षणमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था 'वेटल्यान्ड इन्टरनेसनल'ले विश्वव्यापीरूपमा यसको नेतृत्व गर्छ। सन् २०२४ मा गरिएको जलपन्छी गणनामा देशभरका १८ प्रमुख सिमसार क्षेत्रअन्तर्गत ८४ साना क्षेत्रमा ४०२ स्वयंसेवकले ७९ प्रजातिका ६३ हजार ९०० जलपन्छी रेकर्ड गरेको संघको तथ्यांक छ। यीमध्ये छवटा रामसारमा सूचीकृत सिमसार क्षेत्र पनि थिए।

बर्ड कन्जरभेसन नेपालका पश्चिम क्षेत्र परियोजना फिल्ड अधिकृत हिरूलाल डंगौराले गणनाका क्रममा आफूले जलवायु परिवर्तनको असर, सिमसारमा आएको परिवर्तन, सिकार गर्ने प्रवृति, वासस्थानको विनासलगायतका समस्या देखेको बताए। यसबाहेक पछिल्लो समय चरा संरक्षणमा नागरिकमा सचेतना जागेको विषय सकारात्मक भएको आफूले पाएको उनले उल्लेख गरे। उनका अनुसार विगतको तुलनामा चराको प्रजातिमा कमी नदेखिए पनि संख्यामा भने कमी आएको छ।

'मुलुकमा अभिलेख भएका ८९७ प्रजातिका चरामध्ये २०० हाराहारी जलपन्छी छन्,' परियोजना फिल्ड अधिकृत डंगौराले भने, 'बराइँसराइ गरेर आउने चरामा यसपटक कैले टाउने हाँस, मालक हाँस, मरुल हाँस नयाँ चरा रेकर्ड भएका छन्।' जाडो छल्न आउने हिउँदे आगन्तुक चराले प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, पोखराका ताल, बीसहजारी ताल, जगदिशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा समय बिताउँछन्।

कोशी पन्छी समाजका अध्यक्ष चक्र तिम्सिनाले कोशीका विभिन्न नदी तालतलैयामा शनिबार र आइतबार गरिएको जलपन्छी गणनामा चराको संख्या अपेक्षित नै देखिएको जानकारी दिए। यद्यपि कतिपय स्थानमा सिमसार क्षेत्रको संकुचन, जलकुम्भी र मिचाहा प्रजातिको वृद्धि, अनियन्त्रित माछा मार्नेलगायतका गतिविधिका कारण चरा आहारामा चुनौती देखिएको उनको भनाइ छ। *रासस*


## Road Division Mahendranagar

**INVITATION FOR BIDS**

**Notice No.09-081/82**
**First Date of Publication: 2081/09/24 (8th January 2025)**

Road Division, Mahendranagar invites bids from eligible domestic bidders for the Road improvement works as listed below:

| S. N | Contract Identification No | Description Works | Estimated Amounts without VAT & cont. NRs) | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDMNR/ 337310113/ 081/82-45 | Road Improvement works on Ghodagodhi Na.Pa. Ko Harinagar to Joshipur Ga.Pa.Ko Bhagatpur Sadak, Kailali | 42,69,060.53/- | 1,25,000/- | 3000/- |

For further details regarding the notice of Invitation for Bids, Bidders are requested to visit PPMO Website:- www.bolpatra.gov.np/egp

**Division Chief**



## रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०८१/०९/२४**

यस कार्यालयबाट मिति २०८१।०८।०२ को राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रत्ननगर नगरपालिका वडा नं. १, २, ३, १२ र १३ का सडकहरूको स्तरोन्नती एवं सडक सौन्दर्यकरण योजना (Construction of Asphalt Road, Drain with Footpath and Beautification works at ward No. 1, 2, 3, 12 & 13 -RAT/CHITWAN/Works/NCB/18/2081-82) कार्यका लागि E-Bidding मार्फत यस रत्ननगर नगरपालिका नगरकार्यपालिका कार्यालयमा पेश हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावहरु मुल्यांकन गर्दा तपसिल बमोजिम बोलपत्र प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को उपदफा १ मा व्यवस्था भए बमोजिम सम्वन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| १ | रत्ननगर नगरपालिका वडा नं.१,२,३, १२ र १३ का सडकहरूको स्तरोन्नती एवं सडक सौन्दर्यकरण योजना (Construction of Asphalt Road, Drain with Footpath and Beautification works at ward No. 1, 2, 3, 12 & 13 (RAT / CHITWAN/Works/NCB/18/208 1-82) | Rudra Devi Construction, KMC -16, Kathmandu | रू. २,१०,०९,७११।३१ (दुई करोड दश लाख नौ हजार सात सय एघार रुपैयाँ र पैसा एकतीस मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक


## रूपशाला

### सलमान खानको बढाइयो सुरक्षा

बलिउड अभिनेता सलमान खानको सुरक्षा बढाइएको छ । पछिल्ला केही महिनादेखि लरेन्स बिश्नोईको गिरोहबाट लगातार धम्की आइरहँदा सलमान खानको सुरक्षालाई उच्च प्राथमिकतामा राखिएको छ । अबदेखि सलमानको सुरक्षार्थ कमाण्डोसहित ११ जना सुरक्षाकर्मी खटिने भएका छन् । यसैबीच अभिनेताको घर ग्यालेक्सी अपार्टमेन्टको बाल्कोनीको सुरक्षा बढाइएको छ । घरको बालकनीमा बुलेटप्रुफ सिसा हालिएको छ । बालकनीलाई चारैतिर नीलो बुलेटप्रुफ शिशाले ढाकिएको तस्वीर सार्वजनिक भएका थिए ।






**बुधबार, २४ पुस २०८१** (Wednesday, January 08, 2025)


# छायांकनमा निस्कियो 'सोल्टिनी'

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली फिल्म 'सोल्टिनी'को छायाङ्कन सुरु भएको छ । मङ्गलबार इलामको रोङमा रहेको सानो पाथीभरा मन्दिरमा शुभ-मुहूर्त गर्दै फिल्मको छायाङ्कन सुरु गरिएको हो । ३१ दिनको तालिकासहित फिल्मको छायाङ्कन सुरु गरिएको निर्देशक अर्जुन सुवेदीले बताए । प्रकाश सपुत, परीक्षा लिम्बु र सब्बु गुरुङले मुहूर्त शट दिए । फिल्मको इलाम तथा भोजपुरको रमणीय प्राकृतिक सौन्दर्यमा छायाङ्कन हुनेछ ।

फिल्ममा प्रकाश सपुत, विल्सन विक्रम राई, परीक्षा लिम्बु, सब्बु गुरुङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुन्दर धिताल, सुजन खतिवडा रहेका छन् । सपूतले 'भीमसेन पोखरेल' र लिम्बुले 'दिलासा राई'को मुख्य भूमिका निभाउने घोषणामा नै बताइएको थियो । यो जोडी पहिलो पटक एकसाथ पर्दामा देखिन लागेको हो ।

समाजमा व्याप्त अमानवीयता र जातीय भेदभावका विरुद्ध आवाज उठाउने फिल्ममा प्रेम कथा पनि छ ।

फिल्मको सङ्गीत प्रशान्त सिवाकोटी र हर्कुलस बस्नेतले दिएका छन् भने छायाङ्कन सुशन प्रजापतिले गर्नेछन् । प्लानेट थ्री फिल्म्सको प्रस्तुति तथा नेपसिने र योलो इन्टरटेन्मेन्टको सहकार्यमा बन्न लागेको यो फिल्मका निर्माताहरू रेजिना बिस्ट र संसार चौलागाईं हुन् । फिल्म २०८२ सालको असोज ३ गते संविधान दिवसको दिन रिलिज गर्ने लक्ष्य राखिएको छ ।



# दीपेन्द्रको 'दुखी आत्मा'मा दया र आँचलको रोमान्स

■ प्रभाव संवाददाता

**काठमाडौं** – फागुनको २ गतेदेखि रिलिजमा आउन लागेको फिल्म हो 'दुखी आत्मा' । फिल्मको ३ मिनेट भन्दा लामो टिजर सार्वजनिक भएको छ । सार्वजनिक भएको टिजरमा फिल्मका मुख्य दुई कलाकारहरू नायक दयाहाङ राई र नायिका आँचल शर्मा हाबी छन् ।

टिजरले दर्शकलाई पेट मिचिमिची हसाउँछ । यसपटक, दयाहाङले आफ्नो काम गर्ने कथावस्तुको शैली फेरेका छन् । दया यो फिल्ममा रोमान्टिक साथै पीडित पनि देखिएका छन् । उनको पीडाको भाव के हो त्यो ट्रेलरले अझै खुलाउनेछ ।

फिल्म भित्र द्विअर्थी लाग्ने संवादहरू प्रशस्त छन् । विशेषगरी, आँचलको संवादले पनि यो कुरा बुझाउँछ । साथमा फिल्ममा अनुप विक्रम शाही, बुद्दि तामाङ, रेअर राई, पुष्कर गुरुङ, कविता आले, लोकेन्द्र लेखक, आरती आचार्य, आशान्त शर्मा, दिया मास्के, लुनिभा तुलाधर, शिशिर वाङ्देल लगायतका कलाकारहरूको फिल्ममा अभिनय छ । दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा तयार भएको यो फिल्ममा हिमाल कडरियाको लगानी छ । सुदिप ढकाल कार्यकारी निर्माता रहेको फिल्ममा आलोक शुक्लाको छायांकन, निमेष श्रेष्ठको सम्पादन छ ।



प्रेम दिवसको अवसर पारेर रिलिजमा आउन लागेको यो फिल्मले दर्शकलाई हलसम्म तान्ने देखिएको छ । क्लक वर्क क्रियशनको ब्यानरमा यो फिल्म निर्माण भएको हो ।

## रंगशाला

# अन्तराष्ट्रिय पदक विजेतालाई प्रधानमन्त्रीले दिए पुरस्कार



**काठमाडौं (प्रस)**– प्रधानमन्त्री केपी शर्मा ओलीले साफ महिला फुटबल, एसियाली कराँते र कावा बिच भलिबल खेलमा पदक विजेता खेलाडी, प्रशिक्षक र व्यवस्थापनकहरूलाई मंगलबार सम्मान र पुरस्कार प्रदान गरेका छन् । युवा तथा खेलकुद मन्त्रालयद्वारा आज प्रधानमन्त्री निवास, बालुवाटारमा आयोजित कार्यक्रममा नेपाल सरकार, मन्त्रिपरिषद्को गत मङ्सिर २८ गतेको निर्णयबमोजिम तोकिएको मापदण्डका आधारमा पुस्कार प्रदान गरिएको हो ।

प्रधानमन्त्री ओलीको निर्देशनपछि खेल क्षेत्रमा दिइने पुरस्कारमा कर छुट हुँदै आएको छ । गत कात्तिक १ गतेदेखि १४ गतेसम्म काठमाडौँमा भएको साफ वुमन च्याम्पियनसिप, फुटबलमा पदक विजेता अमृता जैसी, मुख्य प्रशिक्षक राजेन्द्र तामाङ र व्यवस्थापक वृन्दा देवानलगायत तथा चीनको हाइजाओमा गत असोज १ गतेदेखि ७ गतेसम्म भएको बीसौं एसियाली कराँते च्याप्यियनसिफमा पदक विजेता एरिका गुरुङ, मुख्य प्रशिक्षक कुशल श्रेष्ठलगायतलाई पुरस्कार प्रदान गरिएको छ ।

यस्तै, गत साउन १७ गतेदेखि २० गतेसम्म भूटानको थिम्पुमा भएको कावा बीच महिला तथा पुरुष भलिबल प्रतियोगितामा विजेता कमला पुन, मनिषकुमारी चौधरी, प्रशिक्षक रूपेशकुमार विष्टलाई पुरस्कार प्रदान गरियो । खेल क्षेबाट अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको गौरव वृद्धिमा महत्वपूर्ण योगदान दिएकामा उहाँहरूलाई सम्मान र पुरस्कार प्रदान गरिएको हो ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले विजेतालाई बधाई दिँदै हिम्मत लियो भने खेल जित्न सकिन्छ भन्ने उच्च मनोबल लिएर प्रतियोगितामा लाग्न आग्रह गर्दै खेलमा टिम स्पिरिट र कम्बिनेसन महत्वपूर्ण हुने बताए । नेपाली खेलको सर्वत्र उन्नति र प्रगति होस् भन्ने आग्रह गर्दै त्यसका लागि लाग्न आग्रह गरेका छन् । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता भई पुरस्कार दिन बाँकी अन्य खेलाडीहरूको विवरण चाँडो पठाइदिन सम्बन्धित पक्षलाई आग्रह गर्दै आएको जानकारी दिए ।


## हिप्को इस्पात लिमिटेड

### वार्षिक साधारणसभा सम्बन्धी सूचना

मिति २०८१-०८-२८ को सचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व. २०८०/८१ को वार्षिक साधारण सभा मिति २०८१ पुष २९ गते, विहान ११:०० बजे, कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल २२, काठमाडौंमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**छलफलका प्रस्तावहरु:**

१. आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०८०/८१ को लेखापरिक्षकको प्रतिवेदन विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/८२ का लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
४. आ.व. २०८०/८१ दफा ७८ को उद्घोषण प्रस्तुत गर्ने सम्बन्धमा ।
५. विविध ।

**सञ्चालक समितिको आज्ञाले ।**



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०३/०२ मा दर्ता भएको **प्रा.लि.नं. २९७३२४/०७८/०७९** को **डायमण्ड यातायात प्रा.लि.** को मिति २०८१/०९/१८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१२/३० मा दर्ता भएको **प्रा.लि. नं. ३११००१** को **वर्ल्ड क्लास टुर्स एण्ड ट्राभल्स प्रा.लि.** को मिति २०८१/०९/२३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१०/१५ मा दर्ता भएको **प्रा.लि.नं. ३०५९५४/०७९/०८०** को **फूटबल क्लब खुमलटार प्रा.लि.** को मिति २०८१/०९/१८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**



### दर्ता खारेजी सम्बन्धी सूचना

"सूचना तथा प्रसारण विभागमा दर्ता नं १५६५, ०७६/०७७, मिति २०७६/०६/०५ मा दर्ता रहेको हलेसीपाटी सञ्चार प्रालि द्वारा संचालित www.halesipati.com नामक अनलाइन पत्रीकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइन सँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा आजको मितिले १५ दिन भित्र यस कम्पनीको ठेगाना हलेसी तुवाचुङ नगरपालिका ०७ खोटाङ, संचालकको सम्पर्क नम्बर -९८४२९७४५१९ वा email - halesipati2021@gmail.com मा सम्पर्क गर्नहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रकृया अगाडि बढाइनेछ ।"



### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०९/२४**

सहरी विकास तथा भवन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सहरी विकास तथा भवन कार्यालय<br>धुलिखेल, काभ्रेपलाञ्चोक, बाग्मती प्रदेश, नेपाल<br>सम्पर्क नं.:- ०११-४१५१४२<br>ईमेल : bhawankaryalayakavrepd3@gmail.com |
| प्रस्तावको व्यहोरा | खानीखोला गाउँपलिका, वडा नं. ५ र ६ मा २०९, ८४५.७७ वर्ग मि. नम्बरी, १०१,२३२.२९ वर्ग.मि. सरकारी, खुल्ला स्थान १५,५५९.९५ वर्ग.मि. खुल्ला क्षेत्र, सडक ७९,५०८ वर्ग.मि. जग्गाबाट उदयमान शहर तालढुंगा आयोजना |
| प्रभाव पार्न सक्ने जिल्ला, स्थानीय तह र वडा | काभ्रेपलाञ्चोक जिल्ला/ खानीखोला गाउँपालिका वडा नं. ५ र ६ |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट त्यस क्षेत्रको जैविक, रासायनिक, साँस्कृतिक तथा आर्थिक र सामाजिक प्रणालीको अन्तरक्रिया र अन्तर्सम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ बमोजिम प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकाले उक्त कार्यबाट प्रभावित हुने स्थानीय समुदाय तथा सरोकारवाला सबैलाई तपसिलको मिति, समय र स्थानमा उपस्थित भइदिनहुन अनुरोध छ ।

**तपसिल**:-
मिति:- २०८१/०९/२६, समय: दिउसोको २ बजे, स्थान: खानीखोला गाउँपालिकाको सभाहल, काभ्रे



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/२४**

**बर्दिया भिल्ला एकिकृत कृषि पशुपालन इन्जिनियरिङ्ग तथा पर्यटन प्रा.लि.**को मिति २०८१/०९/१९ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बर्दिया भिल्ला टुरिज्म एण्ड कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: २९०९८६)** कायम गर्ने गरी मिति २०८१/०९/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०९/२४**

यस टुंडिखेल सा.व.उ.स. मरिण गा.पा. १ र २, सिन्धुलीबाट आ.व. २०७८/०७९ र २०७९/०८० मा उत्पादन भई दौतरी भन्ज्याङ, मरिण गा.पा. १, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ र २ को साल जातको गोलिया थान १०९ को १०९०.११ क्यू.फि गोलिया काठ व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री टुंडिखेल सा.व.उ.स.**
**मरिण गा.पा.- १ र २, सिन्धुली**



### काठ शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०९/२४**

भावना सा.व.उ.स., माई न.पा. ८ इलामको वनबाट आ.व. २०८०/०८१ मा उत्पादन भई समुहको घाटगढीमा लट बनाई राखिएका काठहरू डि.व.का. इलामको च.नं. ४२०२ मिति २०६०/०९/०६ गतेको लिलाम सहमती अनुसार साल गोलिया थान ३४ को ३२४.१८ क्यु. फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री भावना सा.व.उ.स.**
**माई न.पा. ८ इलाम**



### बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०९/२४**

यस भगवती देवीथान सा.व.उ.स. मरिण गा.पा. ६, सिन्धुलीबाट आ.व. २०७९/०८० मा उत्पादन भई भगवती खोला चौरी, मरिण गा.पा. ६, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान २२ को २८८.६१ क्यू.फि गोलिया काठ व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री भगवती देवीथान सा.व.उ.स.**
**मरिण गा.पा.- ६, सिन्धुली**



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/२४**

**कस्तुरी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.**को मिति २०८१/०८/११ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सान नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: २७४३४७)** कायम गर्ने गरी मिति २०८१/०८/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावहरुलाई जरुरी सूचना

(प्रकाशित मिति: २०८१/०९/२४)

